प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९८ | काठमाडौं | सोमबार, ०७ मंसिर २०८३ | Prabhab National Daily | Monday, 23 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

प्रधानमन्त्री बालेनलाई नयाँ दिल्लीमा राज्यमन्त्रीको स्वागत, विदेशमन्त्री जयशंकरसँग भेटवार्ता

प्रधानमन्त्री बालेनले आज भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने कार्यतालिका रहेको छ । यसैगरी बालेनले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नेछन्

■ प्रभाव संवाददाता



काठमाडौं– प्रधानमन्त्री वालेन्द्र शाह बालेन दुईदिने राजकीय भ्रमणका लागि भारतको नयाँदिल्ली पुगेका छन् । प्रधानमन्त्री बालेन नेपाल एयरलाइन्सको नियमित उडानबाट आइतबार दिउँसो इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थल अवतरण गरेका हुन् ।

उनलाई विमानस्थलमा भारत सरकारका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गरे । प्रधानमन्त्रीको स्वागतमा विमानस्थलमा विभिन्न झाँकी प्रस्तुत गरिएको थियो ।

प्रधानमन्त्री शाहको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी र सञ्चारकर्मी सहभागी छन् । भ्रमणको पहिलो दिन प्रधानमन्त्री बालेनले भारतका विदेशमन्त्री डा एस जयशंकरसँग भेटेका छन् । बालेन भेट्न जयशंकर नयाँदिल्लीस्थित होटल ताजमहलमा पुगेका थिए ।

भेटमा नेपाल र भारत सम्बन्धका विविध पक्ष, 'कनेक्टिभिटी', व्यापार, पारवहन तथा वाणिज्य, ऊर्जा, संस्कृति, शिक्षा र जनस्तरको सम्बन्धलगायतका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल श्रेत्रीले जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

बालेनको भारत भ्रमणबाट नेपाललाई हुने सम्भावित ६ फाइदा

आयोध्या-जनकपुरधाम रेलसेवा

प्रधानमन्त्री वालेन्द्र शाह बालेनले आज भारतीय समकक्षी मोदीसग भेटवार्ता गर्नेछन् । उक्त भेटपछि आयोध्य-जनकपुरधाम चल्ने रेलसेवाको उद्घाटन हुनेछ । जनकपुरधाम र अयोध्याबीच सञ्चालन हुने रेलले भारतको बिहार र उत्तर प्रदेशका महत्त्वपूर्ण शहरलाई जोड्नेछ । करिब ६०४ किलोमिटर दूरी पार गर्ने रेलले जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्याधाममा व्यावसायिक स्टेसन पाउनेछ । आज आयोध्यबाट छुट्ने रेल जनकपुरधाममा भोलि बिहान १० बजे आइपुग्ने कार्यतालिका रहेको छ । अयोध्यादेखि जनकपुरधामसम्मको यात्रा पूरा गर्न करिब १५ देखि १६ घण्टा लाग्ने बताइएको छ । हप्तामा एक दिन चल्ने गरी उद्घाटन हुन लागेको रेलको सञ्चालन कार्यतालिका भने रेल सेवा विभागले सार्वजनिक गरेको छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

कोशी, मधेश र बागमतीमा बढ्दै राजनीतिक किचलो

कोशी : मुख्यमन्त्री हिक्मतकुमार कार्कीमाथि राजीनामा दिन दबाब । ओलीसँगको सहमतिबारे अन्योल

मधेश : मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मत जुटाउन सकस, कांग्रेस, एमाले, नेकपाको समर्थन अनिश्चित

बागमती : मन्त्रालयको भागबन्डामा एमाले र नेकपाबीच विवाद । मन्त्रिपरिषद्ले अझै पाएन पूर्णता







■ जेबी योञ्जन

काठमाडौं– मधेश, कोशी र बागमती प्रदेशमा राजनीतिक किचलो देखिएको छ । मधेशमा नर्वानियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मत जुटाउन सकस परेको छ भने कोशीमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीको राजीनामाको माग बढेको छ । बागमतीमा भने मन्त्रिपरिषद् विस्तार र मन्त्रालयको भागबन्डालाई लिएर सत्ता साझेदार एमाले र नेकपाबीच विवाद देखिएको छ ।

तीनवटै प्रदेशमा सरकार गठनका क्रममा दलहरूबीच सत्ता साझेदारी र सहकार्यका विषयमा छलफल भएका थिए । तर, सरकार गठनपछि सहमति कार्यान्वयनको विषयमा असमझदारी बढेको छ । कतै नेतृत्वको विषयले दलहरूबीच दूरी बढाएको छ भने कतै मन्त्रालय र संसदीय पदको भागबन्डाले सरकार सञ्चालनमै चुनौती थपेको छ ।

मधेश प्रदेशमा प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता यादव शनिबार मुख्यमन्त्री नियुक्त भए । तर, नियुक्तिपछि उनको पहिलो चुनौती प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नु बनेको छ ।

प्रदेशसभामा हाल कायम १०३ सदस्यमध्ये विश्वासको मत प्राप्त गर्न कम्तीमा ५३ मत आवश्यक पर्छ । जसपा नेपालका २८ सदस्यमध्ये एक जना निलम्बनमा रहेकाले यादवसँग २७ मत मात्रै छ । यसअनुसार उनलाई थप २६ मत आवश्यक देखिन्छ ।

यसअघि जसपा नेपाल, एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मिलेर सरकार गठन गर्ने विषयमा छलफल भएको थियो ।

तर, संविधानको धारा १६८ को उपधारा (२) अनुसार बहुमतसहित सरकार गठन गर्ने प्रयास असफल भएपछि प्रदेश प्रमुखले उपधारा (३) अनुसार ठूलो दलको संसदीय दलका नेताको हैसियतमा यादवलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

⏭ क्रमशः पृष्ठ २ मा

कोशीका मुख्यमन्त्रीमाथि राजीनामाको दबाब

मधेशमा विश्वासको मतको चुनौती देखिँदा कोशी प्रदेशमा भने मुख्यमन्त्री हिक्मतकुमार कार्कीको राजीनामा माग बढ्दो छ । एमाले अध्यक्ष केपी शर्मा ओली र मुख्यमन्त्री कार्कीबीच दसैँअघि भएको छलफलमा छठपछि राजीनामा दिने सहमति भएको थियो ।

सोहीअनुसार अध्यक्ष ओलीले कार्कीलाई राजीनामा दिन निर्देशन दिएको बताइएको छ । तर, एमाले नेताहरूले यसको औपचारिक पुष्टि गरेका छैनन् । एमाले कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले मुख्यमन्त्रीलाई राजीनामा दिन अध्यक्षले भनेको विषय आफूहरूसम्म पनि आएको बताएका छन् ।

'उहाँलाई राजीनामा दिनू भनेर अध्यक्षले भन्नुभयो भन्ने विषय हामीसँग पनि आएको छ । त्यसको आधिकारिक पुष्टि भएको छैन,' उनले भने ।

यसअघि पनि एमालेभित्र कार्कीलाई हटाएर तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने प्रयास भएको थियो । त्यसका लागि हस्ताक्षर अभियानसमेत चलेको थियो । तर, कार्कीले आफू संविधानको धारा १६८ को उपधारा (५) अनुसार मुख्यमन्त्री बनेको भन्दै राजीनामा दिन अस्वीकार गरेका थिए । कोशी प्रदेश प्रमुखको पद पनि कात्तिक २३ गतेदेखि रिक्त छ । प्रदेश प्रमुख नहुँदा मुख्यमन्त्रीको राजीनामा प्रक्रियाबारे समेत प्रश्न उठेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

वैदेशिक रोजगारीमा ठगी

पत्राउ पूर्जी जारीपछि फरार व्यक्तिको बैंक खाता रोक्का गरिने

■ ममता थापा



काठमाडौं- सरकारले वैदेशिक रोजगारमा जाने कामदारलाई ठगी फरार आरोपीको बैंक खाता रोक्का गर्ने तयारी गरेको छ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले ठगीका मुद्दामा पत्राउ पूर्जी जारी हुँदासमेत फरार व्यक्तिहरूको बैंक खाता रोक्का गर्ने प्रक्रिया अघि बढेको जनाएका हुन् ।

मन्त्री यादवका अनुसार यही मंसिर १४ गते नेपाल राष्ट्र बैंकलाई खाता रोक्का गर्न पत्राचार गर्ने तयारी रहेको छ । वैदेशिक रोजगार विभाग फरार अभियुक्तलाई कानूनी कारवाहीसँगै आर्थिक रूपमा समेत कडाइ गर्ने नीतिमा अघि बढेको देखिन्छ ।

विभागले गत कात्तिक नौ गते सूचना जारी गर्दै फरार आरोपितलाई ३५ दिनभित्र विभाग या नेपाल प्रहरीको सम्पर्कमा आउन भनेको थियो । तोकिएको समयमा सम्पर्कमा नआए उनीहरूमाथि वैदेशिक रोजगार ऐन, २०६४ लगायतका प्रचलित कानुन बमोजिम कारवाही गर्दै बैंक खातादेखि यात्रा अनुमतिसमेत रोक्का गरिने भनिसकेको छ । तोकिएको अवधिमा सम्पर्कमा नआउनेको सूची तयार गर्न विभागले गत शुक्रवार आफ्नो मुद्दा तथा अनुसन्धान शाखालाई पत्र काटिसकेको छ । साथै ३५ दिन पुगेपछि राष्ट्र बैंकलाई पत्राचार गर्ने प्रक्रियासमेत तयारी गर्न भनिएको छ ।

वैदेशिक रोजगारीको नाममा हुने ठगीमा दर्ता भएका मुद्दाको संख्या ठूलो छ । हाल विभागमा करिब २८ हजारभन्दा बढी ठगीको उजुरी परेको बताइन्छ । यद्यपि हाल मुद्दाका संख्या यकिन गर्ने काम भइरहेको विभागले जनाएको छ । विभागले सूचना जारी गरेपछि कति आरोपी सम्पर्कमा आए भन्नेबारे पनि अन्तिम सूची तयार भइनसकेको जनाइएको छ ।

विभागले ठगीमा उजुरीलाई व्यवस्थित बनाएर प्रभावकारी ढंगबाट अनुसन्धान अघि बढाउन २०६४ सालदेखि थन्किएका मुद्दालाई डिजिटाइज्ड गर्ने काम थालिसकेको छ । गत वर्षको जेनजी आन्दोलनका कारण कतिपय फाइल र फोल्डर नस्ट भएपछि विभागले विद्युतीय अभिलेखीकरणलाई अघि बढाएको हो । जसअन्तर्गत पुराना मुद्दाको स्किनिङ गर्ने, पक्राउ पूर्जी जारी भएकाहरूको विवरण तयार गर्ने र त्यसलाई विद्युतीय माध्यममा सुरक्षित राख्ने काम भइरहेको विभागले जनाउँदै आएको छ । साथै, विभागले गत साउन छ गतेदेखि गुनासो तथा उजुरी व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउँदै अनलाइनबाटै उजुरी दर्ता गर्न सकिने व्यवस्था गरेको छ । यसले उजुरी र कारवाहीको प्रक्रियालाई सहज बनाउँदै अभिलेखलाई पनि व्यवस्थित बनाउने भनिएको छ ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जान खोज्नेको संख्या बढेसँगै ठगीका घटनामा वृद्धि भएको पाइन्छ । विभिन्न माध्यममा आएका आकर्षक गन्तव्य मुलुकको रोजगारीको प्रलोभनमा परेर युवाहरू ठगिने गरेका छन् । ठगीका उजुरीमा ९० प्रतिशतभन्दा बढी व्यक्तिगत घटना रहेको विभागले जनाउँदै आएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

कोशी, मधेश...

सरकार गठनको प्रक्रियाप्रति एमाले र नेकपा असन्तुष्ट छन् । जसपा नेपालले अन्तिम समयमा एकलौटी रूपमा सरकार गठनको दावी पेस गरेको उनीहरूको आरोप छ । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले दलहरूबीच सहमति गरेर कार्यान्वयनका बेला त्यसविपरीत अघि बढ्ने प्रवृत्ति देखिएको भन्दै असन्तुष्टि जनाएका छन् । 'मधेश प्रदेशका दलहरूमा इमानदारिता देखिएन । सहमति गर्ने र त्यसको मसी नसुक्दै सहमतिविपरीत काम गर्ने परिपाटी देखिएको छ,' उनले प्रभावसँग भने ।

नेकपा संसदीय दलका नेता युवराज भट्टराईले पनि जसपा नेपाललाई विश्वासको मत दिने विषयमा पार्टीले निर्णय गरिनसकेको बताएका छन् । उनले जसपा नेपालले अन्तिम समयमा एकलौटी रूपमा सरकार गठनको दावी पेस गरेको आरोप लगाए ।

उनले भने, 'जसपा नेपाल, एमाले र हाम्रो पार्टी नेकपाबीच मिलेर सरकार बनाउने विषयमा छलफल भएकै थियो । तर, जसपाले शुक्रबार पौने ४ बजेसम्म सँगै जाने भन्दै हामीलाई अल्झायो । त्यसपछि मात्रै हामी तीन दल (एमाले, कांग्रेस र नेकपा) सरकार गठनका लागि दावी पेस गर्ने समय थप गर्न प्रदेश प्रमुखलाई आग्रह गर्न गएका थियौं । तर, पछि जसपा नेपालले एक्लै सरकार गठनको दावी पेस गऱ्यो ।'

यस्तो अवस्थामा यादवका लागि कांग्रेसको समर्थन पनि महत्वपूर्ण बनेको छ । निवर्तमान मुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले विश्वासको मतबारे पार्टीभित्र छलफल गरेर निर्णय लिइने बताएका छन् । 'शुक्रबार तीन दल मिलेर सरकार गठनका लागि दावी पेस गर्ने समय थप गरिदिन प्रदेश प्रमुखलाई आग्रह गर्नमात्रै गएका थियौं । तीन दलबीच सरकार गठनका विषयमा कुनै सहमति भएको थिएन र छैन पनि । दलहरू आफ्नो निर्णय लिन स्वतन्त्र छन्,' उनले भने ।

यता मुख्यमन्त्री यादवले भने सबै दललाई समेटेर सहमतिको सरकार बनाउने बताएका छन् । आइतबार शपथग्रहणपछि पत्रकारहरूसँग कुरा गर्दै उनले सोमबारदेखि नै दलहरूसँग छलफल गर्ने जानकारी दिए ।

'सबै दललाई फेरि मिलाएर सहमतिको सरकार बनाएर राम्रो काम गर्नेछु,' उनले भने, 'मेरो प्रथम प्राथमिकता रहन्छ कि सबै दलबाट विश्वासको मत लिएर सरकारलाई अगाडि बढाउने ।' यादवले भ्रष्टाचार नियन्त्रण गर्ने र प्रदेशको कामको गति बढाउने पनि बताएका छन् ।

■■■

कोशीमा मुख्यमन्त्रीमाथि...

बागमतीमा मन्त्रालयको लफडा

बागमती प्रदेशमा भने सरकार गठन भएको तीन महिना बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । मुख्यमन्त्री किरण थापा मगरले गत भदौ ४ गते सरकार गठन गरेका थिए । उनले भदौ १० गते ५६ सांसदको समर्थनसहित विश्वासको मत प्राप्त गरेका थिए । प्रदेशमा आठ मन्त्रालय रहे पनि सत्ता साझेदार एमाले र नेकपाबीच मन्त्रालयको संख्या तथा भागबन्डामा विवाद छ । २६ सांसद रहेको नेकपाले सरकार गठनका क्रममा तीन मन्त्रालय र सभामुख पद माग गरेको थियो । तर, दुई मन्त्रालय मात्रै पाएपछि नेकपा असन्तुष्ट बनेको हो ।

नेकपाले मन्त्रालयको संख्या बढाएर ११ पुऱ्यानुपर्ने र आफूले थप मन्त्रालय पाउनुपर्ने प्रस्ताव अघि सारेको छ । साथै सभामुख पद एमालेले राख्ने भए उपसभामुख आफूले पाउनुपर्ने उसको माग छ । नेकपाले रसुवाका सांसद इन्द्र गोतामेलाई मन्त्री बनाउनसमेत सिफारिस गरेको छ । हाल बिना विभागीय मन्त्री रहेका एमालेका ज्ञानबहादुर तामाङलाई फिर्ता गरेर गोतामेलाई मन्त्री नियुक्त गर्न नेकपाले प्रस्ताव गरेको हो । तर, मुख्यमन्त्री थापाले उक्त प्रस्ताव टुंग्याएका छैनन् ।

नेकपाले उपसभामुखमा नुवाकोटका रामप्रसाद ढुंगानालाई अघि सार्ने प्रस्ताव गरेको छ । मुख्यमन्त्री थापाले भने पहिले सभामुखको विषय टुंग्याएर मात्रै सरकार विस्तार र मन्त्रालयको बाँडफाँटमा अघि बढ्ने जवाफ दिएका छन् । बागमतीमा १२ सांसद रहेको राप्रपाको आन्तरिक विवादले पनि सत्ता समीकरण प्रभावित भएको छ । राप्रपाका छ सांसद सरकारको पक्षमा र छ सांसद सरकारबाहिर छन् । राप्रपाले तीन मन्त्रालय सम्हालिरहेको छ । एमालेले मुख्यमन्त्रीसहित दुई मन्त्रालय लिएको छ भने नेकपाले पनि दुई मन्त्री सरकारमा पठाएको छ ।

■■■

प्रधानमन्त्री बालेनलाई...

नेपाली भ्रमण टोलीले विभिन्न साइडलाइन कार्यक्रम राखे पनि ती छायामा परेका छन् । प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ सम्हालेका छन् ।

बालेनले आज भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने कार्यतालिका रहेको छ । यसैगरी बालेनले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नेछन्। भ्रमणका क्रममा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाको उद्घाटन गर्ने कार्यक्रम छ । यस्तै, नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री बालेनको भ्रमण टोली सोमबार साँझ नेपाल आइपुग्नेछन् ।

■■■

बालेनको भारत...

नयाँ हवाई रुट खुल्ने सम्भावना

प्रधानमन्त्री बालेनको यो भ्रमणमा नयाँ हवाई रुट खुल्ने सम्भावना बलियो रहेको बताइएको छ । भारतीय सञ्चार माध्यमहरूले नेपालगञ्ज र भैरहवा गरी दुई नयाँ हवाई रुटको खुल्ने सम्भावना रहेको उल्लेख गरेका छन् । हाल भारत हुँदै सिमराबाटमात्र नेपाली आकाशमा अन्तर्राष्ट्रिय विमान प्रवेश पाउँछ । यसले काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भीड हुने र अरु विमानस्थल भने प्रयोग विहीन बन्ने अवस्था रहेको छ ।

भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनेपनि हवाई रुटको कारण नेपालले यसको प्रयोग गर्न सकेको छैन । नेपालले महेन्द्रनगर, नेपालगन्ज, भैरहवा र जनकपुरबाट थप हवाई मार्ग उपलब्ध गराउन भारतसँग आग्रह गर्दै आएको छ । पछिल्लो द्विपक्षीय छलफलमा भैरहवा र जनकपुरबाट कम उचाइमा हवाइमार्ग उपलब्ध गराउन भारत सकारात्मक देखिएको संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयले जनाएको छ । पर्यटन मन्त्रालयका सहसचिव जयनारायण आचार्यका अनुसार भारतीय पक्षसँग हवाई प्रवेश बिन्दुका विषयमा प्याकेजमै छलफल भइरहेको छ । 'भैरहवा र जनकपुरबाट कम उचाइमा हवाई मार्ग उपलब्ध गराउन भारत सकारात्मक छ । भारतीय पक्षले प्याकेजमै सहमति खोजेको छ,' सहसचिव आचार्यले भने ।

भोठेकोशी-त्रिशुली बाढीपीडितलाई सहयोग प्याकेज

यो भ्रमणमा नेपालले भारतसँग रसुवाको भोटेकोशी-त्रिशुली नदीमा आएको बाढीबाट भएको क्षतिको पूननिर्माणका लागि सहयोग गर्न आग्रह गरेको छ । भारतले यसमा दुई अर्ब अमेरिकी डलर सहयोग गर्ने सम्भावना छ ।

नेपाली कृषिजन्य वस्तुलाई भारतीय बजार

यो भ्रमणमा भारतीय बजारमा नेपाली कृषिजन्य वस्तुले सहज पहुँच पाउने गरी सम्झौता हुने तयारी छ ।

अन्तर्राष्ट्रिय बजारमा पहुँच

यसैगरी कोलकताको अलवा अरु समुद्रीमार्गबाट पनि भारतले नेपाली व्यापारीहरूलाई पहुँच दिनेगरी सम्झौता हुने तयारी रहेको सरकारी अधिकारीहरूले बताएका छन् ।

■■■

पक्राउ पूर्जी...

व्यक्तिगत ठगीका एउटै घटनामा धेरै जना व्यक्ति संलग्न हुने, अन्य व्यक्तिको बैंक खातामार्फत पैसा बुझ्नेजस्ता कारणले दोषीको संख्या ठूलो हुने र घटनाको छनविन जटिल हुने देखिएको छ । फरार अभियुक्तलाई कानूनी दायरामा ल्याउन नसक्दा उनीहरू थप ठगीका गतिविधिमा संलग्न हुनसक्ने जोखिम पनि देखिन्छ ।

अहिले विभाग विगतदेखि चाङ लागेर बसेकमा ठगीका घटनामा टुंगोमा पुऱ्याउन लागि परेको छ । यस्ता घटनामाथिको अनुसन्धानमा सक्रियता देखाएसँगै वर्षौं अघिदेखिका ठगीका घटना क्रमशः घट्दै जाने अपेक्षा गरिएको छ ।

नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध पुनः परिभाषित गर्न माग

काठमाडौं– नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धका बारेमा पुनःपरिभाषा गरिनुपर्नेमा जोड दिइएको छ । नेपाल-भारत नीति विमर्शअन्तर्गत आइतबार भएको एसियन सांस्कृतिक सम्पदा विषयक प्रस्तुतिका क्रममा दुवै देशका संस्कृतिसम्बद्ध निकाय एवं सरोकारवालाले यस विषयमा जोड दिएका हुन् ।

इन्डिया फाउण्डेसनकी रमी नीरञ्जन देसाईले नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धको पुनःपरिभाषा जरुरी रहेको बताइन् । उनले नयाँ पुस्तामा देखिएको नयाँ सोच र आकांक्षाले दुवै देशका युवालाई प्रभावित बनाइरहेको सन्दर्भमा नीतिहरूमा पनि आवश्यकता अनुसारको परिवर्तनमा जोड दिएकी हुन् ।

नेपालका शोधकर्ता अशोक राई प्यासीले पुस्तान्तरणका क्रममा संस्कृतिको पनि हस्तान्तरण हुने भएकाले युवाहरूलाई स्व संस्कृतिका बारेमा जानकार बनाउनुपर्ने बताए । युवाहरूलाई सृजनशील र दक्ष बनाउन नेपाल तथा भारतले मिलेर कार्य गर्न सक्ने उनको भनाइ थियो । कार्यक्रममा भारतको केन्द्रीय संस्कृत विश्वविद्यालयका प्रा श्रीनिवास बरखेडीले नेपाल र भारतबाट सुरु भई अहिले पनि अभ्यास एवं साधनामा रहेको संस्कृतिले समग्र एसियालाई प्रकाशित गरिरहेकाले यसको विशुद्धता कायम राख्नुपर्नेमा जोड दिए ।

भारतकी प्रा माधुरी सुखिजाले नेपाल र भारतबीच सांस्कृतिक, शैक्षिक, खेलकुद जस्ता सम्बन्धलाई संस्थागत गर्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा उनले संयुक्त शैक्षिक कार्यक्रमहरू बनाएर जानुपर्ने बताइन् । काठमाडौं विश्वविद्यालयका लागि आईसिसीआर प्रमुखसमेत रहनुभएकी प्रा सुखिजाले शिक्षा र खेलकुदका क्षेत्रमा भइरहेका सहकार्यहरूले सम्बन्धलाई अझ प्रगाढ बनाएको बताए । *रासस*

मोटरसाइकल हरायो

मिति २०८३/०६/२७ गते बेलुका २० :०९ बजेको समयमा ठिमी नपा-०१, लोकन्थली भक्तपुरबाट एनएस २०० सिसि कालो/रातो रंगको मोटरसाइकल हराएको हँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी: अफजाल अहमद खाँ
बाइक नं. :बा.प्र.०२-०७० प ६५४१
च्यासिस नं.: MD2AI3EX6TCB86572
इन्जिन नं.: DKXCTB202245
ठेगाना: ठिमी नपा-०१, लोकन्थली, भक्तपुर
सम्पर्क नं.: ९८२१५०५२८६

मोटरसाइकल हरायो

मिति २०८३/०६/२१ गते राती १०-४ बजेको समय बीचमा कामनपा, सुकेधारबाट एनएस २०० सिसि कालो/रातो रंगको मोटरसाइकल हराएको हँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी: दिलीप विश्वकर्मा
बाइक नं. : बा.प्र.०२-५७प ३७७८
च्यासिस नं.: MD2AI3EX9SCL80377
इन्जिन नं.: DKXCSL07629
ठेगाना: चौविसे-०४, धनकुटा
सम्पर्क नं.: ९८२६३८३३६५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७७/०६/२९ मा दर्ता भएको श्री **करियर मिडिया हाउस प्रा. लि. (प्रा. लि. नं. २४५४८३)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७७/०१/२३ मा दर्ता भएको श्री **राधिका माईन एण्ड मिनरल प्रा. लि. (प्रा. लि. नं. ११२२७६)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०८/०९ मा दर्ता भएको प्रा.लि.नं.१२८८३५ को **माँ गोल्मा देवी बडी मेकर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/११/१४ मा दर्ता भएको प्रा.लि.नं.३०७८८४ को **उज्ञतारा एण्ड त्रिपुरा एग्रो फर्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/१०/२७ मा दर्ता भएको यस **हार्डवेयर वर्ल्ड इन्टरप्राइजेज प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १६३४९८) कम्पनी यस कार्यालयको मिति २०८३/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचना

यलुङ बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा. ०६ बौद्ध, रामहिटी

यस संस्थाको **१६ औं** वार्षिक साधारण सभा निम्न मिति, समय, र स्थान मा हुने निश्चित गरिएको हुनाले संस्थाका सम्पुर्ण शेयर सदस्य ज्यूहरूलाई जानकारी सहित उपस्थितिकोलागि अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति :- २०८३ पुस १८ गते शनिबार
समय :- विहान १०: ०० बजे
स्थान :- ठुलदाइ भान्छा घर , बौद्ध ०६, तिनचुली

हकदावीको सूचना

सगरमाथा अञ्चल, सोलुखुम्बु जिल्ला, जुभिङ गाविस, वडा नं. ०९ स्थायी ठेगाना भई हाल कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा. वडा नं.०१ बस्ने श्री ल्हा दोर्जी शेर्पाको नाती, श्री ओडदी शेर्पाको छोरा, श्री रेन्जी शेर्पाको मिति २०८२/०८/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ०२७०५०५०२६७५८८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी श्रीमती पेम्दीकी शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, लुक्ला , सोलुखुम्बु
फोन न.: ०३८-५५०१२०

सियान सीड सर्भिस सेण्टर लिमिटेडको सत्ताइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८३/०८/०७)

२०८३।०७।१० गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस सेण्टरको सत्ताइसौ वार्षिक साधारण सभा निम्न मिति, समय एवं स्थानमा हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा विद्युतिय उपकरण (WhatsApp, Email, Messenger, Viber) मा पत्र पठाई जानकारी गराइसकिएको छ । उक्त माध्यमवाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइ दिनुहुनका लागि हार्दिक अनुरोध गर्दछ ।

सभाहुने

मिति : मंसिर ११ गते शुक्रवार, २०८३ (२७ नोभेम्बर, २०२६)
समय : विहान ११:३० वजे
स्थान : कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं.: ९८५१०६६९४६, ९८५१३४४०६१

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, ०७ मंसिर, २०८३

मेष आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृष आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

मिथुन रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

कर्कट आर्थिक पक्ष सवल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

सिंह नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

कन्या काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

तुला जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

वृश्चिक नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

धनु सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

मकर मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

कुम्भ नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

मीन दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति वाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
वी एण्ड वी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१ ६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०७ मंसिर, २०८३ (२३ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४७.९८	१४८.५८
युरो	१	१६२.४१	१६३.०७
पाउन्ड स्टर्लिङ	१	१९३.९६	१९४.७५
स्विस फ्रैन्क	१	१७५.८८	१७६.६०
अस्ट्रेलियन डलर	१	९८.५५	९८.९५
क्यानाडियन डलर	१	१०३.३३	१०३.७५
सिङ्गापुर डलर	१	११४.७७	११५.२४
जापानी येन	१०	९.३२	९.३६
चिनियाँ युआन	१	२२.१६	२२.२५
साउदी अरब रियाल	१	३९.४४	३९.६०
कतारी रियाल	१	४०.६१	४०.७८
थाई भाट	१	४.३६	४.३८
संयुक्त अरब इमिरेट दिराम	१	४०.२९	४०.४५
मलेसियन रिङ्गेट	१	३५.९८	३६.१३
दक्षिण कोरियन वन	१००	११.०६	११.११
स्विडिस क्रोनर	१	१४.५१	१४.५७
डेनिस क्रोनर	१	२१.७३	२१.८२
हङकङ डलर	१	१८.८८	१८.९६
कुवेती दिनार	१	४७८.९०	४८०.८४
बहराइन दिनार	१	३९२.२९	३९३.८८

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

बूढानीलकण्ठमा पाँचदिने धार्मिक मेला

काठमाडौं– काठमाडौंको उत्तरी भेगस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वको बूढानीलकण्ठ मन्दिरमा हरिबोधिनी एकादशीदेखि लागेको पाँचदिने धार्मिक मेलामा लाखौं भक्तजनको घुइँचो लागेको छ ।

प्रत्येक वर्ष हरिबोधिनी एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म पाँचदिन बूढानीलकण्ठ नारायणस्थान मन्दिरमा धार्मिक मेला लाग्ने सनातनी परम्परा रहिआएको छ । यी दिनहरूमा नारायणस्थानमा पुगी पूजा, आराधना एवं दर्शन गरेमा पुण्य प्राप्त हुने र निधनपश्चात् वैकुण्ठमा वास हुने धार्मिक विश्वास रहिआएको बूढानीलकण्ठ नारायणस्थान मठका महन्त स्वामी निगमानन्दले जानकारी दिए ।

'मन्दिरमा १२ फुट चौडाइ र २४ फुट लम्बाइको अलौकिक शिलामा मूर्ति छ । यो मूर्ति धर्म, संस्कृति, पुरातत्व र इतिहासको अध्ययन, अनुसन्धान गर्न चाहनेका लागि पनि दिव्य स्थलका रूपमा लिन सकिन्छ', सनष्मानन्दले भने ।

शिलामा स्वयं प्रकट भएको भगवान्को यो रूप विश्वमै अद्वितीय मानिने भएकाले हरिबोधिनी एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म विशेष मेला लाग्ने गरेको स्वामी निगमानन्दले बताए । मन्दिरमा नेपाली र भारतीय धार्मिक पर्यटकको आगमन बढी हुने गरेको छ । पशुपतिनाथको दर्शनमा आउने भारतीय धार्मिक पर्यटक बूढानीलकण्ठ मन्दिरमा पनि पुग्ने गरेका उनी बताउँछन् ।

प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म पाँचदिन बूढानीलकण्ठ मन्दिरमा लाखौं भक्तजन पूजा, आराधना एवं दर्शनका लागि पुग्ने गरेका छन् । यो मन्दिरमा हरि र हर अर्थात् विष्णु र शिव दुवै जना रहनुभएकाले पनि यस्तो मूर्ति विश्वमा अन्यत्र कतै नभएको श्री बूढानीलकण्ठ नारायणस्थान मन्दिर व्यवस्थापन समितिका अध्यक्ष इन्द्रबहादुर थापाले बताए ।

यो मन्दिर शैव र वैष्णवका लागि मात्र नभई बौद्ध र किराँत मार्गीका लागि पनि उत्तिकै पवित्र स्थलका रूपमा मानिन्छ । यसैले यो ठाउँ धार्मिक सहिष्ण'ताको अनुपम नमूना बनेको स्थानीयवासी रामबहादुर केसीले बताए ।

यी पाँचदिन उपत्यकाका चार नारायण भगवानको दर्शन गर्न नसक्नेले बूढानीलकण्ठको मात्र दर्शन गरे पनि चारै नारायणको दर्शन गरे बराबरको फल प्राप्त हुने धार्मिक विश्वास रहिआएको स्वामी निगमानन्दले बताए । यसो गरेमा पुण्य प्राप्त हुने विश्वास गरिन्छ । एकै दिन चार नारायणको दर्शन गर्न नसक्नेले बूढानीलकण्ठ वा नारायणहिटी दरबार क्षेत्रमा रहेको नारायण मन्दिरमा पूजा, आराधना वा दर्शन गर्नाले पनि मनोकामना पूरा हुने धार्मिक विश्वास छ । 'द्वापर युगमा मृत्यशय्यामा रहेका बेला यही पाँच दिनको समयमा भीष्मले युधिष्ठिरलाई उपदेश दिएकाले कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मको पाँच दिनलाई भीष्म पञ्चक पनि भनिन्छ । यो सयमका साधना गर्दा सजिलै ब्रह्मज्ञान प्राप्त हुने विश्वास पनि रहेको छ', उनले भने ।

यसै अवसरमा श्री बूढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समितिले मङ्सिर २ गतेदेखि ८ गतेसम्म श्रीमद्भागवत ज्ञान महायज्ञ सुरु गरेको छ। यज्ञ शेष यहाँ सञ्चालित बूढानीलकण्ठ गुरुकुलको सञ्चालनका लागि खर्च गरिने पनि अध्यक्ष थापाले जानकारी दिए । विसं २०५७ देखि बूढानीलकण्ठ मन्दिर परिसरमा गुरुकुल सञ्चालनमा ल्याइएको हो । गुरुकुलमा हाल ५० जना वैदिक ज्ञानको अध्ययन गर्ने बटुक रहेको समितिले जनाएको छ । *रासस*

कामपाबाट १० बालबालिका जलवायु परिवर्तन सद्भावना दूत बन्दै

काठमाडौं– काठमाडौं महानगरपालिकाले जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका प्रयासलाई प्रभावकारी बनाउन सोमबारदेखि 'काठमाडौं जलवायु कार्य सप्ताह २०८३' आयोजना गर्ने भएको छ । सप्ताहका अवसरमा १० जना बालबालिकालाई जलवायु परिवर्तन सद्भावना दूत घोषणा गरिनेछ । स्थानीय तहमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, अनुकूलन तथा जलवायु उत्थानशील सहर निर्माणका लागि आगामी कार्यक्रम आयोजना गर्न लागिएको महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

'जलवायु परिवर्तनको प्रभावबारे हामी सबै भुक्तभोगी छौं । हामीले फेर्ने श्वासदेखि पिउने पानी र बस्ने सहरसम्म जलवायु परिवर्तनबाट प्रभावित छन्,' डंगोलले भनिन्, 'अब गरौंला-हेरौंला भनेर बस्ने समय छैन । त्यसैले काममै केन्द्रित भएर जलवायु कार्य सप्ताह आयोजना गर्न लागेका हौं ।'

उनले जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरणका लागि तत्काल कार्यान्वयनमा जानुपर्ने आवश्यकता औंल्याउँदै सप्ताहका क्रममा महानगरपालिकाले विभिन्न नयाँ कार्यक्रमको थालनी गर्ने बताइन् । सप्ताहको पहिलो दिन विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षसँग जलवायु परिवर्तनको प्रभाव, त्यसबाट प्रभावित समुदाय तथा न्यूनीकरणका लागि भइरहेका प्रयासबारे अनुभव आदानप्रदान गरिनेछ ।

सोही दिन राष्ट्रिय सभागृहबाट 'रिचार्ज काठमाडौं अभियान' सुरु गरिने कार्यवाहक प्रमुख डंगोलले जानकारी दिइन् । महानगरपालिकाभित्रका विद्यालयमा भूमिगत जल पुनःभरण गर्न सकिने सम्भावित स्थानको अध्ययनसमेत गरिएको उनले बताइन् । दोस्रो दिन जलवायु वित्तका विषयमा विज्ञहरूसँग छलफल गरिनेछ । जलवायु अनुकूलन तथा उत्थानशील पूर्वाधार निर्माणका लागि अन्तरराष्ट्रिय जलवायु कोष, हरित नगर ऋणपत्र, सरकारी वित्तीय स्रोत र निजी क्षेत्रको लगानी परिचालनका विषयमा विमर्श हुनेछ ।

तेस्रो दिन 'नागरिक विज्ञान, सम्पदा र जलवायु परिवर्तनका असर' विषयमा केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत हिटी प्रणालीको संरक्षण, ऐतिहासिक सम्पदा क्षेत्रको पदयात्रा, भूमिगत जल पुनःभरण तथा पानीको गुणस्तर परीक्षणसम्बन्धी प्रदर्शन र सम्पदा संरक्षणमा सामुदायिक ज्ञानको भूमिकाबारे छलफल गरिनेछ ।

चौथो दिन 'ऊर्जा प्रणाली र जलवायु परिवर्तन' विषयमा स्वच्छ ऊर्जा, विद्युतीय सवारीसाधन, ऊर्जा भण्डारण प्रविधि तथा फोहरमैला व्यवस्थापनका विषयमा समानान्तर सत्र सञ्चालन हुनेछन् । सोही दिन टेकुस्थित बायोग्यास प्लान्टको उद्घाटन गरिने तथा सफा टेम्पो र विद्युतीय सवारीसाधनको प्रयोग प्रवर्द्धनसम्बन्धी कार्यक्रम आयोजना गरिनेछ ।

पाँचौं दिनलाई ' बालबालिका तथा युवा जलवायु कार्य दिवस' का रूपमा मनाइनेछ । सो अवसरमा ५० भन्दाबढी विद्यालयमा एकैसाथ फोहर वर्गीकरण, विद्यालयको वातावरणीय अवस्था पहिचान, जलवायु खेल, वृक्षरोपण योजना तथा सिर्जनात्मक सचेतना र कार्यमूलक गतिविधि सञ्चालन गरिनेछ । विद्यार्थीले विकास गरेका नवीन प्रविधि, हरित आविष्कार तथा इको क्लबका गतिविधिसमेत प्रदर्शनीमा राखिनेछन् । जलवायु परिवर्तनका घटना र भविष्यमा पर्नसक्ने जोखिमबारे बालबालिकालाई सचेत तथा सक्रिय बनाउन 'जलवायुका लागि बालबालिका' भिडियो प्रतियोगितासमेत आयोजना गरिएको महानगरपालिकाले जनाएको छ ।

प्रतियोगितामा महानगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थी सहभागी हुन सक्नेछन् ।

प्रतियोगितामा प्रथम हुनेले रु ५० हजार, द्वितीय हुनेले रु ३० हजार र तृतीय हुनेले रु २० हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै, सात जनालाई जनही रु १० हजारका दरले सान्त्वना पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा उत्कृष्ट हुने १० जनालाई 'काठमाडौं महानगरपालिकाका लागि जलवायु परिवर्तन सद्भावना दूत' घोषणा गरी वर्षभरि नै जलवायु संरक्षणसम्बन्धी सिर्जनात्मक गतिविधिमा सहभागी गराउने महानगरपालिकाको तयारी छ ।

सप्ताहको छैटौं दिन 'खाद्य प्रणाली र जलवायु परिवर्तन' तथा सातौं दिन जलवायु परिवर्तनका असर न्यूनीकरणमा नागरिक समाज, गैरसरकारी संस्था र अन्तरसरकारी संस्थाको दायित्वका विषयमा कार्यक्रम सञ्चालन गरिने कार्यवाहक प्रमुख डंगोलले जानकारी दिइन् । हालै काठमाडौं फिल्म फेस्टिभल सम्पन्न गरेको महानगरपालिकाले त्यसलगत्तै जलवायु कार्य सप्ताह आयोजना गर्न लागेको हो । सप्ताहमार्फत जलवायु परिवर्तनका चुनौतीबारे छलफलमा मात्र सीमित नभई स्थानीयस्तरमा ठोस कामको थालनी गर्ने लक्ष्य रहेको महानगरपालिकाले जनाएको छ । *रासस*

याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड

ललितपुर म.न.पा. १७, ललितपुर

छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ३०८३/०८/०७

यस कम्पनीको संचालक समितिको मिति २०८३ मंसिर ६ गतेको निर्णय अनुसार छैटौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छैटौं वार्षिक साधारण सभा हुने मिति,समय र स्थान :

मिति :- २०८३ मंसिर २८ गते सोमबार (तदनुसार १४ डिसेम्बर, २०२६)

समय :- विहान ११ बजे

स्थान :- हार्दिक होटल, बागबजार , काठमाण्डौं ।

छैटौं वार्षिक साधारण सभाका प्रस्तावहरू

१.सामान्य प्रस्तावहरू

क) कम्पनीको तर्फ बाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८३/८४ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी ।

२.विशेष प्रस्ताव

क) संचालक समितिमा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने संचालकको नियुक्ति सम्बन्धी ।

ख) कम्पनीको रजिष्र्ड कार्यालय परिवर्तन हुने भएकोले कम्पनीको प्रवन्ध पत्र र नियमावली संशोधन सम्बन्धी ।

३. विविध

साधारण सभा सम्बन्धी थप जानकारी :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०८/१५ गते एक दिन शेयर दर्ता किताव वन्द (Book close) रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८३/०८/२६ गते दिनको ५ बजे भित्र कम्पनीको रजिष्टार्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल yambaling@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन शेयर धनीहरूले अनिवार्य रूपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं. ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल मंसिर महिना ७ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : न्युरोड शाखा	कर्जा शीर्षक : आवास कर्जा
ऋणीको विवरण	
बद्रीनाथ खतिवडाको नाति शिवलाल खतिवडाको छोरा दोलखा जिल्ला बैतेश्वर गा.पा. वडा नं. ५ हाल, काठमाण्डौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ५ बस्ने **कृष्ण बहादुर खतिवडा** (ना.प्र.नं. : २१५२२-२२९ जारी मिति र जिल्ला : २०५८/०४/०८, दोलखा)	
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१) शिवलाल खतिवडाको बुहारी कृष्ण बहादुर खतिवडाको पत्नी दोलखा जिल्ला काब्रे वडा नं. ८ हाल, काठमाण्डौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ५ बस्ने **कल्पना खतिवडा** (ना.प्र.नं. : २२१०४१-२७ जारी मिति र जिल्ला : २०६६/०८/३०, दोलखा)	
२) शिवलाल खतिवडाको नाति कृष्ण बहादुर खतिवडाको छोरा दोलखा जिल्ला बैतेश्वर गा.पा. वडा नं. ५ हाल, काठमाण्डौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ५ बस्ने **रोहन खतिवडा** (ना.प्र.नं. : २२-०१-८२-०४१०२ जारी मिति र जिल्ला : २०८२/११/१०, दोलखा)	
३) शिवलाल खतिवडाको नातिनी कृष्ण बहादुर खतिवडाको छोरी दोलखा जिल्ला बैतेश्वर गा.पा. वडा नं. ५ हाल, काठमाण्डौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ५ बस्ने **रन्जिता खतिवडा** (ना.प्र.नं. : २२-०१-७८-०२८७८ जारी मिति र जिल्ला : २०७८/०८/०९, दोलखा)	
२) शाखा कार्यालय : बेनी शाखा	**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**
ऋणीको विवरण	
खड्क बहादुर थापा मगरको नाति चन्द्र बहादुर थापा मगरको छोरा म्यार्दी जिल्ला रत्नेचौर गा.वि.स. वडा नं. ९ हाल, बेनी न.पा. वडा नं. ७ बस्ने **राज कुमार थापा मगर** (ना.प्र.नं. : ७६५० जारी मिति र जिल्ला : २०६२/०५/२४, म्यार्दी)-१ र बल बहादुर पुनको नाति धमान सिं पुनको छोरा म्यार्दी जिल्ला सिंगा गा.वि.स. वडा नं. १ हाल, बेनी न.पा. वडा नं. ७ बस्ने **लोक बहादुर पुन** (ना.प्र.नं. : ४९-०१-७०-०२४६५ (साबिक ना.प्र.नं : २०५५) जारी मिति र जिल्ला : २०७०/०६/१०, म्यार्दी)-१	
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१) चन्द्र बहादुर थापा मगरको बुहारी राज कुमार थापा मगरको पत्नी म्यार्दी जिल्ला सिंगा वडा नं. ४ हाल, बेनी न.पा. वडा नं. ७ बस्ने **लिलामाया सिडथानी** (ना.प्र.नं. : ४९१०१८/२७११ जारी मिति र जिल्ला : २०६४/०५/१६, म्यार्दी)	
२) धमान सिं पुनको बुहारी लोक बहादुर पुनको पत्नी म्यार्दी जिल्ला बेनी न.पा. वडा नं. ८ हाल, बेनी न.पा. वडा नं. ७ बस्ने **सुमित्रा थजाली** (ना.प्र.नं. : ४९१०२७/१४६६३ जारी मिति र जिल्ला : २०६६/०७/१३, म्यार्दी)	
३) जत्लबिर गर्बुजाको नाती टेक बहादुर गर्बुजाको छोरा म्यार्दी जिल्ला हिस्तान वडा नं. १ हाल, बेनी न.पा. वडा नं. ८ बस्ने **थम बहादुर गर्बुजा** (ना.प्र.नं. : ३७१७ जारी मिति र जिल्ला : २०६१/०९/०५, म्यार्दी)	

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

ओमनमा रोजगार

कम्पनी : **MASOUD AL-HAMDANI PROJECTS - RECOMMENDATION**

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350768 | चलानी नं. ६०२६३६४४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	MANUAL KNITTING WORKER	5	0	120	४६,१७५	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष

कम्पनी : **LAYALI SAMRA AL SHAMILAH**

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350774 | चलानी नं. ६०२६३६४३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	FOOD WAITER (MALE)	1	0	150	५७,७१८	कम्पनि अनुसार	८ घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेरै फि मेडिकल जाँच गराएपछि जाने र लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल जाँच दिने / नदिने	स्वदेशमा बसेरै बिमा गर्न जाँच गराएपछि लाग्ने र लाग्ने खर्च	रोजगारमा बिमा हुने/नहुने र लाग्ने खर्च	हवाई टिकट गराउने दिने र लाग्ने खर्च	भिसा शुल्क गराउने दिने र लाग्ने खर्च	सामाजिक सुरक्षा कोष गराउने दिने र लाग्ने खर्च (नपराएपछि)	कल्याणकारी कोष रकमको व्यवस्था	सेवा शुल्क	अग्रिमनुमिकरण शुल्क वापत लाग्ने र तपाईले तिर्नुपर्ने खर्च	लिखा दरानिएमा शुल्क वापत लाग्ने खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	तर्फ रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,२००/- कामदार आफैले	रु. २४९६/- कामदारले तिर्ने	१०,०००/-	रु ६००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नामबाट बिमा प्रमाण भई जाने लिखित भएपछि मात्र कम्पनीले भर्ना हुने भनी विदेशमा रहेको भीषर अभिवावक लिनुहोस । २) आफ्नु काम गर्न जाने मालुकुमा रहेको नेपाली दूतावासमा सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस । आफ्नु डाटिएमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कम्पनलाई तोकिनुहुदैन । ४. विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस, सोधी एकदमि आत्मुसात गर्नुहोस । ६. कामका विदेश जाँदा नेपालकै एजेन्सीद्वारा प्रशेष गर्नुहोस अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुरामा परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोस ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४८ : ०७२ : ०७४ | Gairigaun - Tinkune, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid) , E-mail : alkausar.hrm@gmail.com

युएइमा रोजगार

कम्पनी : **RUNAQ AL ASHRAQ TECHNICAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350863 | चलानी नं. ६०२६३६०२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Electrician	2	0	1600	६४,४५६	कम्पनि अनुसार	१२घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष
2	Buiding Painter	2	0	1600	६४,४५६							
3	Building Steel Fixer	1	0	1600	६४,४५६							
4	Carpenter	1	0	1600	६४,४५६							

कम्पनी : **SINOPEC ENGINEERING- ABU DHABI**

पूर्व स्वीकृति मिति : २०८३/०८/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०६ | LT. No. 345514 | चलानी नं. ६०२५८४७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	150	0	1200	४८,३४२	कम्पनि अनुसार	१२घण्टा	६ दिन	कम्पनि अनुसार	छ		२ वर्ष
2.	Scaffolder	49	0	1600	६४,४५६							

अन्तरवार्ता हुने स्थान: काठमाडौं टोखा नगरपालिका, मदरल्याण्ड स्किल एकेडेमीमा मिति: २०८३ मंसिर १२ गते (28th Nov. 2026) मा हुनेछ ।
: मोरङ, उर्लाबारी नगरपालिका, हिमशिखर ट्रेनिङ सेन्टरमा मिति: २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।
: मोरङ, बेलबारी नगरपालिका, पूर्वेली ट्रेनिङ सेन्टरमा मिति: २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेरै फि मेडिकल जाँच गराएपछि जाने र लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल जाँच दिने / नदिने	स्वदेशमा बसेरै बिमा गर्न जाँच गराएपछि लाग्ने र लाग्ने खर्च	रोजगारमा बिमा हुने/नहुने र लाग्ने खर्च	हवाई टिकट गराउने दिने र लाग्ने खर्च	भिसा शुल्क गराउने दिने र लाग्ने खर्च	सामाजिक सुरक्षा कोष गराउने दिने र लाग्ने खर्च (नपराएपछि)	कल्याणकारी कोष रकमको व्यवस्था	सेवा शुल्क	अग्रिमनुमिकरण शुल्क वापत लाग्ने र तपाईले तिर्नुपर्ने खर्च	लिखा दरानिएमा शुल्क वापत लाग्ने खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	तर्फ रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२४९६/- कामदारले तिर्ने		रु १,२००/- कामदार आफैले	निःशुल्क	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नामबाट बिमा प्रमाण भई जाने लिखित भएपछि मात्र कम्पनीले भर्ना हुने भनी विदेशमा रहेको भीषर अभिवावक लिनुहोस । २) आफ्नु काम गर्न जाने मालुकुमा रहेको नेपाली दूतावासमा सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस । आफ्नु डाटिएमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कम्पनलाई तोकिनुहुदैन । ४. विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस, सोधी एकदमि आत्मुसात गर्नुहोस । ६. कामका विदेश जाँदा नेपालकै एजेन्सीद्वारा प्रशेष गर्नुहोस अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुरामा परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोस ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८३/०८/०७ गते प्रभाव दैनिक)

यस कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली कार्यविधी बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी

प्रभाव दैनिक
National Daily

सम्पादकीय

मलेसिया प्रकरणमा निष्पक्ष छानबिन गरियोस्

वैदेशिक रोजगारीका नाममा नेपाली श्रमिकमाथि हुने शोषण र आर्थिक ठगीका शृंखला नयाँ होइनन्। तर मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कका नाममा अर्बौं रूपैयाँ संकलन गरी बाहिर पठाइएको पछिल्लो प्रकरणले राज्य संयन्त्रको विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेको छ । अनुसन्धान अगाडि बढ्दै जाँदा चार पटक भएको मन्त्रीस्तरीय निर्णयका आधारमा १७ पटकसम्म गरी करिब १ अर्ब ६९ करोड रूपैयाँभन्दा बढी रकम मलेसिया पुऱ्याइएको तथ्य बाहिरिनु आफैंमा विडम्बनापूर्ण छ ।

त्यसमाथि छानबिन सुरु हुनासाथ ती निर्णयसँग सम्बन्धित फाइल नै मन्त्रालयबाट गायब हुनुले यो प्रकरणमा उच्च तहको राजनीतिक र प्रशासनिक मिलेमतो रहेको आशंकालाई थप बल पुऱ्याएको छ । साढे सात लाखभन्दा बढी नेपाली श्रमिकको पसिना र बाध्यतामाथि खेलबाड गर्दै असुलिएको रकम कानुनी प्रक्रिया र राज्यको नियमन प्रणालीलाई छल्दै विदेश पुऱ्याइनु गम्भीर अपराध हो ।

रोजगारदाता देशसँग भएको समझदारी र सरकारी मापदण्डविपरीत श्रमिकबाट अतिरिक्त शुल्क असुल्ने कार्य लामो समयदेखि चलिरहँदा पनि सरोकारवाला निकायहरू किन मौन रहे भन्ने प्रश्नको जवाफ अब लुकाएर लुक्ने अवस्था छैन । जब श्रमिकले रगत-पसिना बगाएर कमाउने आशामा ऋण काढेर विदेश उड्ने तयारी गर्छन्, त्यही बेला नीतिगत निर्णय र प्रशासनिक आवरणमा रकम बाहिरिनुले आम नागरिकमा राज्यप्रति वितृष्णा पैदा गरेको छ ।

अनुसन्धानका क्रममा केही पूर्वमन्त्री, पूर्वसचिव तथा अन्य अधिकारीहरूमाथि कारबाही र पक्राउ पुर्जीसम्मका कदम चालिनु सकारात्मक सुरुवात अवश्य हो । तर, ठूला र प्रभावशाली व्यक्ति जोडिएका मुद्दामा छानबिन बीचैमा तुहिने, प्रमाण नष्ट हुने वा फाइल हराउने विगतका तीता अनुभवले नागरिकलाई पूर्ण रूपमा आश्वस्त पार्न सकेको छैन । सरकारी कार्यालयभित्रै रहेका महत्वपूर्ण निर्णयका फाइल गायब हुनु सामान्य लापरबाही मात्र होइन, प्रमाण मेटाउने र दोषीलाई जोगाउने सुनियोजित प्रयास हुन सक्छ । फाइल हराउनुमा संलग्न कर्मचारीदेखि त्यसको लाभ लिने माथिल्लो तहसम्म कसैलाई पनि उन्मुक्ति दिनु हुँदैन ।

यो प्रकरण केवल रकम बाहिरिएको विषयमात्र होइन, विधिको शासन, सुशासन र श्रमिकको न्यायसँग जोडिएको गम्भीर सरोकार हो । तसर्थ, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लगायत सम्बद्ध निकायले कुनै पनि राजनीतिक दबाब, प्रभाव वा प्रलोभनमा नपरी निष्पक्ष, स्वतन्त्र र गहिरो छानबिन गर्नुपर्छ । हराएका फाइलको डिजिटल अभिलेख, बैंकिङ कारोबार तथा सम्बन्धित निकायका रेकर्डमार्फत सत्यतथ्य बाहिर ल्याउन ढिलाइ गरिनु हुँदैन ।

श्रम सरोकार

निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

वित्तीय संघीयताका लागि गर्नुपर्ने बहस



■ डा. दीपेन्द्र रोकाया

> संघीयताको परीक्षा सिंहदरबारबाट कति अधिकार बाँडियो भन्नेमा होइन, कर्नालीको दुर्गम गाउँमा कति विकास पुग्यो भन्नेमा हुन्छ । प्रदेश बलियो नभई स्थानीय तह बलियो हुँदैन, स्थानीय तह बलियो नभई नागरिक बलिया हुँदैनन् । अधिकारको विकेन्द्रीकरणसँगै वित्तीय स्रोतको न्यायोचित विकेन्द्रीकरण, प्रशासनिक क्षमता र जिम्मेवारीको इमानदार कार्यान्वयन हुनसके मात्र संघीयता संविधानका पानाबाट नागरिकको जीवनमा पुग्ने छ । यही नै वित्तीय संघीयताका गाँठा फुकाउने र संघीयतालाई सबल बनाउने बाटो हो ।

नेपालको संघीयता कार्यान्वयनको एक दशक पुग्न लाग्दा यसको उपलब्धि, कमजोरी र भावी दिशाबारे गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारलाई अधिकार दिएको छ । तर के ती अधिकारअनुसार काम गर्ने स्रोत, साधन, कर्मचारी र प्रशासनिक संरचना पनि हस्तान्तरण भए ? जिम्मेवारी तल पुग्यो, तर बजेट र निर्णय गर्ने अधिकार माथिमै केन्द्रित रहच्यो कि ? नागरिकले सरकार घरदैलोमा आएको अनुभूति गरे कि सरकारी कार्यालय र पदाधिकारीमात्र थपिए ? यस्ता प्रश्नको वस्तुनिष्ठ उत्तर खोज्नु नै अहिलेको आवश्यकता हो ।

२०८३ कात्तिक १६ गते सुर्खेतमा सातै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूको सहभागितामा सम्पन्न प्रदेश आर्थिक मामिला परिषद्को बैठकले वित्तीय संघीयताका यिनै पेचिला विषयलाई राष्ट्रिय बहसमा ल्याएको छ । संघीयता सफल बनाउन अधिकारको बाँडफाँटसँगै वित्तीय स्रोत, प्रशासनिक क्षमता र जिम्मेवारीको न्यायोचित बाँडफाँट हुनुपर्छ । यसका लागि बैठकले मूल चारबुँदे साझा प्रतिबद्धतापत्र जारी गरेको छ । यसमा संघीय सरकारसमक्ष उठाउनुपर्ने साझा मागहरू १० वटा, अन्तर प्रदेश सहकार्य र साझेदारीका लागि चार वटा, संघीयता सुदृढीकरणका लागि सातै प्रदेशको साझा प्रतिबद्धता पाँच वटा र विविधमा तीन विषय छन् ।

अधिकार संविधानमा, नियन्त्रण संघमा

नेपालको संविधानको धारा ५६, ५७ र अनुसूची ५ देखि ९ सम्मले तीन तहका सरकारका अधिकार सूचीबद्ध गरेका छन् । प्रदेशलाई प्रहरी प्रशासन, प्रदेश सडक, कृषि, स्वास्थ्य, सिँचाइ र भूमि व्यवस्थापनलगायत अधिकार दिइएको छ । स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय सडक, खानेपानी, सरसफाइ र स्थानीय कर परिचालनको जिम्मेवारी छ । धारा ६० ले राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको आधार दिएको छ ।

राज्यको स्रोतमा तीनै तहको संवैधानिक हक स्थापित भएको छ तर राजस्व संकलन र स्रोत परिचालनको ठूलो हिस्सा संघमै केन्द्रित छ । खर्च गर्ने जिम्मेवारी प्रदेश र स्थानीय तहलाई दिने तर त्यसअनुसार स्रोत उपलब्ध नगराउने प्रवृत्तिले वित्तीय संघीयताको जग कमजोर बनाएको छ ।

अर्को समस्या अधिकारको अस्पष्टता हो । साझा अधिकारका विषयमा कानुन निर्माणमा ढिलाइ छ । संघीय कानुनसँग प्रदेशका कानुन बाझिने अवस्था छ । प्रदेशको एकल अधिकार क्षेत्रमासमेत संघीय हस्तक्षेपको अनुभूति कायम छ । यसको ज्वलन्त उदाहरण प्रदेश प्रहरी हो । संविधानले प्रदेशलाई प्रहरी प्रशासनको अधिकार दिए पनि अझै प्रदेश प्रहरी हस्तान्तरण हुन सकेको छैन । अधिकार संविधानमा हुने तर कार्यान्वयन संघको नियन्त्रणमा रहने अवस्था अन्त्य नभएसम्म प्रदेश सरकारको औचित्य र प्रभावकारिता स्थापित हुन सक्दैन ।

जिम्मेवारी तल, बजेट माथि

सुर्खेत बैठकमा उठेको महत्त्वपूर्ण विषय बजेटको असन्तुलित वितरण थियो । नागरिक विकास खोज्दै पालिकामा पुग्छन्, प्रदेशसँग अपेक्षा गर्छन् तर विकासका लागि उपलब्ध बजेटको ठूलो हिस्सा संघमै रहन्छ । बैठकमा हाल ७० प्रतिशत संघ, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहमा रहने बजेट संरचनालाई परिवर्तन गरी ४० प्रतिशत संघ, ३० प्रतिशत प्रदेश र ३० प्रतिशत स्थानीय तहमा पुऱ्याउने प्रस्तावसमेत उठ्यो । यो संवैधानिक अनुपात होइन, स्रोत र जिम्मेवारीबीच सन्तुलन खोज्ने नीतिगत प्रस्ताव हो ।

विश्व बैंकको नेपाल फिस्कल फेडेरालिजम अपडेट २०२४ अनुसार आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको कूल राजस्वमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको हिस्सा ७४.३ प्रतिशत थियो । यसले स्थानीय तहको वित्तीय निर्भरता देखाउँछ । त्यसैगरी, आर्थिक वर्ष २०७५/७६ मा संघीय बजेटको ३३.६ प्रतिशत रहेको प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आव २०८३/८४ मा २८.२ प्रतिशतमा झरेको पाइन्छ । जिम्मेवारी बढ्दै जाने तर स्रोतको हिस्सा घट्दै जाने अवस्थाले संघीयताको परिणाम कमजोर बनाउँछ । त्यसैले वित्तीय हस्तान्तरणको सूत्र पुनरवलोकन गरी प्रदेश र स्थानीय तहको खर्च गर्ने क्षमता तथा विकासको आवश्यकताअनुसार स्रोत उपलब्ध गराउनुपर्छ ।

भौगोलिक न्याय र वित्तीय समानीकरण

वित्तीय समानीकरण भनेको सबै प्रदेश र पालिकालाई बराबर रकम बाँड्नु होइन । सबै नागरिकले तुलनायोग्य सार्वजनिक सेवा पाउने अवस्था सिर्जना गर्नु हो । कर्नालीको हिमाली गाउँमा विद्यालय, स्वास्थ्य संस्था वा सडक निर्माण गर्न लाग्ने लागत र तराईको सुगम क्षेत्रमा लाग्ने लागत समान हुँदैन । त्यसैले जनसंख्यालाई मात्र बजेट बाँडफाँटको आधार बनाउनु न्यायोचित हुँदैन ।

भारतले वित्त आयोगमार्फत जनसंख्या, आयको दूरी, क्षेत्रफल, वन तथा पारिस्थितिक अवस्थालाई आधार बनाउने गरेको छ। क्यानडाको 'इक्वालाइजेसन कार्यक्रम'ले कमजोर राजस्व क्षमता भएका प्रान्तलाई संघीय स्रोतबाट सहायता उपलब्ध गराउँछ । नेपालले पनि भूगोलको विकटता, विकासको पछौटेपन, मानव विकास सूचक, पूर्वाधारको अवस्था र सेवा प्रवाहको लागतलाई वित्तीय हस्तान्तरणको आधार बनाउनुपर्छ । कर्नाली, सुदूरपश्चिम र मधेसका पछाडि परेका बस्तीलाई विशेष प्राथमिकता दिनुपर्छ । समानता भनेको सबैलाई एउटै जुत्ता दिनु होइन, सबैलाई हिँड्न सक्ने बनाउनु हो ।

अधिकारको प्रत्यायोजनको सवाल

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानको व्यवस्था गरेको छ तर सशर्त अनुदानको अत्यधिक प्रयोगले प्रदेश र स्थानीय तहको निर्णय गर्ने स्वतन्त्रता खुम्च्याएको छ । संघले योजना छनोट गर्ने, बजेट तोक्ने र कार्यान्वयनको जिम्मेवारी तल्लो तहलाई दिने प्रवृत्ति संघीयताको मर्मविपरीत छ ।

ससर्त अनुदानलाई राष्ट्रिय प्राथमिकता र न्यूनतम सेवा मापदण्डमा सीमित गर्दै वित्तीय समानीकरण अनुदान बढाउनुपर्छ । प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकता र प्राथमिकताअनुसार योजना छनोट गर्न पाउनुपर्छ । संघले नियमन, मापदण्ड र नतिजाको अनुगमन गर्नुपर्छ । यससँगै कर्मचारी र प्रशासनिक संरचनाको हस्तान्तरण पनि आवश्यक छ । अधिकार दिएर कर्मचारी नदिने, जिम्मेवारी दिएर बजेट नदिने र परिणाम माग्ने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

संरचना होइन, सेवा प्रवाहमा सुधार

संघीयता खर्चिलो भयो भन्ने बहस पनि उठ्ने गरेको छ तर संघीयताअघिको प्रशासनिक संरचना पनि खर्चरहित थिएन । केन्द्र, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका, डिभिजन, नगरपालिका र गाविसमा कार्यालय, कर्मचारी, भवन र सवार साधन थिए । त्यसैले संघीयताको वास्तविक अतिरिक्त खर्च र पुरानो खर्चको पुनः वितरण छुट्याएर अध्ययन गर्नुपर्छ । प्रदेश र स्थानीय तहका संरचना लोकतान्त्रिक प्रतिनिधित्वका आधार हुन् तर मन्त्रालय, कार्यालय र पदाधिकारी थपिँदै जानुलाई उपलब्धि मान्न सकिँदैन । कार्यभारअनुसार संघमा करिब नौ र प्रदेशमा पाँचवटासम्म मन्त्रालय भए पुग्ने भन्ने स्वतन्त्र अध्ययनका निष्कर्षलाई पनि संगठन पुनःसंरचनाको बहसमा लिन सकिन्छ ।

हरेक जिल्लामा एउटै कामका लागि संघ, प्रदेश र स्थानीय तहका समानान्तर कार्यालय किन चाहियो ? संघले प्रमुख जिल्ला अधिकारीको कार्यालय, प्रदेशले जिल्लामा एकीकृत विकास कार्यालय स्थापना गरी विभिन्न विषयगत कार्यालयलाई शाखाका रूपमा सञ्चालन गर्नसक्छ । यसले प्रशासनिक खर्च घटाउनुका साथै समन्वय र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सक्छ । अनुगमनका नाममा पूर्व जाँदा पाथीभारा र पश्चिम जाँदा रारा पुग्ने प्रवृत्ति पनि सच्याउनुपर्छ । अनुगमन भनेको घुमफिर वा औपचारिक उपस्थिति होइन, कामको गुणस्तर, बजेटको उपयोग र नागरिकले पाएको उपलब्धिको मूल्यांकन हो । हाजिर गरे जागिर र काम गरे अतिरिक्त खर्च खोज्ने प्रवृत्तिले सार्वजनिक प्रशासनलाई कमजोर बनाउँछ । कर्मचारी र जनप्रतिनिधिले आफ्नो जिम्मेवारीलाई सेवा भावसँग जोड्नुपर्छ ।

बजेटको आकारभन्दा उपयोग महत्त्वपूर्ण

बजेट कम भयो भन्ने गुनासो एकातिर छ भने विनियोजित बजेटको प्रभावकारी परिचालन अर्को चुनौती हो । साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिले विकासको प्रतिफल कमजोर बनाएको छ । योजना छनोट गर्दा राजनीतिक पहुँच, व्यक्तिगत स्वार्थ र तत्कालीन लोकप्रियताभन्दा आवश्यकता, सम्भाव्यता र दीर्घकालीन प्रतिफललाई आधार बनाउनुपर्छ । मधेस प्रदेशले कम्तीमा एक करोड रूपैयाँभन्दा तलका योजना विनियोजन नगर्ने नीति लिन खोजेको विषय यस सन्दर्भमा विचारणीय छ । सबै ठाउँमा एउटै सीमा लागू गर्न सम्भव नहोला, तर साना योजनामा बजेट छर्ने प्रवृत्ति रोक्ने सन्देश सकारात्मक छ ।

नेपालको भौतिक पूर्वाधारको अवस्था हेर्दा अझै तीन दशकसम्म योजनाबद्ध रूपमा पूर्वाधार निर्माणमा लगानी गर्नुपर्ने देखिन्छ । त्यसैले सडक, सिँचाइ, खानेपानी, शिक्षा र स्वास्थ्यका अधुरा तथा रणनीतिक महत्त्वका आयोजनालाई प्राथमिकता दिनुपर्छ । प्रदेश र स्थानीय तहले कानुनबमोजिम आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था भए पनि यसको अभ्यास कमजोर छ । ऋण लिनु उपलब्धि होइन; उत्पादनशील पूर्वाधार र दीर्घकालीन प्रतिफल दिने आयोजनामा लगानी गर्न सक्ने क्षमता महत्त्वपूर्ण हो । यसका लागि आयोजना बैंक, सम्भाव्यता अध्ययन र वित्तीय अनुशासन आवश्यक छ ।

साझेदारीबाटै संघीयताको सबलीकरण

संघले राष्ट्रिय आर्थिक स्थायित्व, न्यायोचित राजस्व बाँडफाँट र राष्ट्रिय मापदण्डको जिम्मेवारी लिनुपर्छ । प्रदेशले प्रदेशस्तरीय पूर्वाधार, स्थानीय तहबीच समन्वय र आन्तरिक असमानता घटाउने काम गर्नुपर्छ । स्थानीय तहले नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने, स्थानीय राजस्व बढाउने र सेवा प्रवाह प्रभावकारी बनाउने जिम्मेवारी लिनुपर्छ । संविधानको धारा २३२ ले तीनै तहको सम्बन्ध सहअस्तित्व, समन्वय र सहकारितामा आधारित हुने व्यवस्था गरेको छ । त्यसैले जसरी संघले प्रदेशको कार्यक्षेत्रमा अनावश्यक हस्तक्षेप गर्नु हुँदैन, त्यसरी नै प्रदेशले पनि स्थानीय तहको अधिकार क्षेत्रमा प्रवेश गर्नु हुँदैन । अधिकारको सम्मान तीनै तहबाट समान रूपमा हुनुपर्छ ।

कर्मचारी र जनप्रतिनिधिको अर्को महत्त्वपूर्ण पक्ष आफ्नो कार्यक्षेत्रको पैरवी हो । जो जहाँ जिम्मेवारीमा छ, त्यहाँको आवश्यकता र अधिकारका पक्षमा दृढतापूर्वक बोल्नुपर्छ, तर आफ्नो कार्यक्षेत्रबाट अर्को ठाउँमा पुगेपछि त्यहाँको समस्या र आवश्यकतालाई बिर्सनु हुँदैन । कर्नालीको पक्षमा बोल्नेले मधेशको समस्या पनि बुझ्नुपर्छ । मधेसको पक्षमा बोल्नेले हिमाली भूगोलको कठिनाइ पनि आत्मसात् गर्नुपर्छ । संघीयता भनेको आ-आफ्नो क्षेत्रको स्वार्थमात्र होइन, समग्र राष्ट्रको सन्तुलित विकासका लागि साझा पैरवी हो ।

अब अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको पुनरवलोकन, वित्तीय हस्तान्तरणको न्यायोचित सूत्र, अधिकारको स्पष्ट कार्यविभाजन, प्रशासनिक पुनःसंरचना र प्रदेशको वित्तीय स्वायत्तता कार्यान्वयनका प्राथमिकता बन्नुपर्छ । प्रदेश आर्थिक मामिला परिषद्ले सातै प्रदेशका साझा समस्या पहिचान गरी संयुक्त सुझाव संघीय सरकारसमक्ष प्रस्तुत गर्ने नियमित संयन्त्रका रूपमा काम गर्नसक्छ ।

संघीयताको सफलता मन्त्रालयको संख्या, पदाधिकारीको संख्या वा बजेटको आकारले मापन हुँदैन । नागरिकले पाउने सेवाको गुणस्तर, विकासको पहुँच र अवसरको समानताले मापन हुन्छ । संघले अधिकार र स्रोत आफैंमा केन्द्रित गरेर प्रदेश तथा स्थानीय तहबाट परिणाम खोज्न मिल्दैन । प्रदेशले पनि संघको मुख ताकेर बस्न मिल्दैन । स्थानीय तहले आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । प्रदेश सरकारले विगत नौ वर्षमा गरेका कामको तथ्य र उपलब्धि नागरिकसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ । कमजोरी स्वीकारेर सुधार गर्नुपर्छ । अधिकार पाएर काम गर्न नसक्ने सरकारको क्षमता बढाउनुपर्छ । जिम्मेवारी पाएर बजेट नपाउने सरकारलाई स्रोत दिनुपर्छ । अनावश्यक मन्त्रालय र कार्यालय घटाउनुपर्छ । आन्तरिक राजस्व परिचालन कमजोर भए त्यसलाई बढाउनुपर्छ ।

यसैले संघीयताको परीक्षा सिंहदरबारबाट कति अधिकार बाँडियो भन्नेमा होइन, कर्नालीको दुर्गम गाउँमा कति विकास पुग्यो भन्नेमा हुन्छ । प्रदेश बलियो नभई स्थानीय तह बलियो हुँदैन, स्थानीय तह बलियो नभई नागरिक बलिया हुँदैनन् । अधिकारको विकेन्द्रीकरणसँगै वित्तीय स्रोतको न्यायोचित विकेन्द्रीकरण, प्रशासनिक क्षमता र जिम्मेवारीको इमानदार कार्यान्वयन हुनसके मात्र संघीयता संविधानका पानाबाट नागरिकको जीवनमा पुग्ने छ । यही नै वित्तीय संघीयताका गाँठा फुकाउने र संघीयतालाई सबल बनाउने बाटो हो । *रासस*



खलामा धान भर्दै स्थानीय सरकार



पाँचथर– जिल्लाको मिक्लाजुङ गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र कृषि प्राविधिक यतिबेला गाउँका खलामा पुगेर धानको थुप्रो नाप्ने र धान भर्ने कार्यमा व्यस्त देखिन्छन् । पालिकाभित्र धेरै अन्नबाली फलाउने कृषकलाई पुरस्कार दिने कार्यक्रमका सिलसिलामा उनीहरू हाल खलो पुगेर कस्को कति धान फल्यो भनी विवरण लिन सक्रिय हुन थालेका हुन् ।

उक्त गाउँपालिकाले आव २०७७/७८ देखि कृषक प्रोत्साहन कार्यक्रमअन्तर्गत धान थन्क्याउने समयमा खलोबाटै तथ्यांक लिन सुरु गरेपछि वडाका जनप्रतिनिधि फाँट-फाँटमा पुगेका हुन् । उक्त कार्यक्रमबाट लाभ लिन कृषक उत्साहित भएपछि अन्नबालीको नापजाँच गर्दै गाउँपालिकाको टोली केही वर्षदेखि यो समयमा कृषकका खेतमा पुगिरहेको छ । सोही सन्दर्भमा मिक्लाजुङ-७ लिम्बाका बमबहादुर बोहोराले लिम्वा दोभानस्थित तीन खला खेतमा धान झार्ने कार्यक्रम वडा कार्यालयमा जानकारी गराए ।

यसैगरी, खलामा धान झारेर भुस उडाएपछि वडाध्यक्ष हेमचन्द्र रेग्मी, वडा सचिव ख्यामप्रसाद चम्लागाईं र कृषि प्राविधिक रीता राईको रोहवरमा धान भरियो । कृषक बोहोराको खलामा भरिएको धान ठ्याक्कै २५ मुरी पुग्यो । यस वर्ष बोहोराले त्योसहित ७० मुरीभन्दा बढी धान भित्रचाएका रहेछन् । गाउँपालिकाभित्र उनले नै धेरै धान उत्पादन गरेकाले प्रोत्साहन पुरस्कार पाउने सम्भावना देखिएको वडाध्यक्ष रेग्मीले प्रतिक्रिया दिए । 'बोहराले धान मात्र होइन, गोठे मलमा पनि पुरस्कार पाउने हुनुभएको छ,' वडाध्यक्ष रेग्मीले भने, 'पालिकाको प्रोत्साहन कार्यक्रममार्फत कतिपय कृषकले एकभन्दा बढी उत्पादनमा पनि पुरस्कार पाइरहनु भएको छ ।'

मिक्लाजुङ गाउँपालिकाले कृषक प्रोत्साहन कार्यक्रमअन्तर्गत आव २०८१/८२ देखि अन्नबाली उत्पादन र मल उत्पादनमा पनि प्रोत्साहन दिँदै आएको गाउँपालिकाका प्रवक्ता अविशन लावतीले बताए । उनका अनुसार पालिकाले ५० मुरीभन्दा बढी धान फलाउने कृषकलाई रु ५० हजार, २० फिट लम्बाइ र चार फिट उचाइ भएको मकैको थाङ्गो राख्नेलाई रु ३० हजार, ३५ मनभन्दा बढी आलु उत्पादन गर्नेलाई रु २५ हजार तथा १० घनमिटरभन्दा बढी प्राङ्गारिक मल बनाउनेलाई रु २५ हजार पुरस्कार दिँदै आएको छ ।

गाउँपालिकाले त्यसका लागि आफ्नो अन्न उत्पादन भित्रचउनुअघि पूर्वसूचना दिनुपर्ने तथा जनप्रतिनिधि, कर्मचारी र प्राविधिकले कडाइका साथ अनुगमन गर्ने व्यवस्था गरेको छ । सो मापदण्डअनुसार पुरस्कार दिँदा वार्षिक रूपमा करिब रु दुई करोड रकम खर्च हुन थालेपछि गाउँपालिकाले यस वर्ष मापदण्डलाई केही कसिलो तुल्याउन लागेको छ । 'उत्पादन बढाउन कार्यविधिमा सामान्य फेरबदल गर्न लागेका छौं', प्रवक्ता लावतीले भने, 'विगतभन्दा धेरै अन्तर हुँदैन । अहिले पनि कृषकले राम्रो लाभ पाउनु हुन्छ ।'

पुरानो मापदण्डअनुसार नै यस वर्ष पनि धान, मकै र आलु उत्पादन तथा मल भण्डारणबारे पूर्वजानकारी दिन वडामार्फत कृषकलाई यसअघि नै सूचित गरिएको गाउँपालिकाको कृषि शाखाका प्रमुख दीपा राईले जानकारी दिइन् । सोही सूचनाअनुसार कृषकहरूले वडा कार्यालयमा दिएको निवेदनका आधारमा पालिका प्रतिनिधिबाट यतिबेला धान नापजाँचको क्रम चलिरहेको उनले बताइन् ।

कोभिड-१९ पछि ग्रामीण क्षेत्रलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन गाउँपालिकाले ४० मुरीभन्दा बढी धान फलाउने र चार फिट उचाइ तथा २० फिट लम्बाइको मकैको थाङ्गो राख्ने कृषकलाई रु एक लाख पुरस्कार प्रदान गर्दै आएको छ ।

त्यस्तै, ३५ मनभन्दा बढी आलु उत्पादन गर्ने कृषकलाई प्रतिकिलो रु २० पुरस्कार दिने गरेकामा लाभग्राही कृषक धेरै भएपछि गाउँपालिकाले पछिल्लो पुरस्कारको रकम घटाएको छ । गत वर्ष मात्रै कृषक प्रोत्साहन पुरस्कारमार्फत गाउँपालिकाले ५८६ जना कृषकलाई रु एक करोड ८५ लाख ६५ हजार रकम वितरण गरेको थियो । प्रवक्ता लावतीका अनुसार गत वर्ष धान उत्पादन गर्ने १०७ जनालाई रु ५३ लाख ५० हजार र मकै उत्पादन गर्ने २४८ जनालाई रु ७४ लाख ४० हजार पुरस्कार बापतको रकम उपलब्ध गराइएको छ ।

त्यस्तै, आलु उत्पादन गर्ने ६७ जना कृषकलाई रु १६ लाख ७५ हजार र मल उत्पादन गर्ने १६४ जना कृषकलाई पालिकाले रु ४१ लाख पुरस्कार बापतको रकम वितरण गरेको थियो । पुरस्कार प्राप्त गर्ने लाभग्राही कृषकको संख्या वर्षेनि वृद्धि हुँदा अन्नबाली उत्पादन पनि बढिरहेको प्रवक्ता लावतीले बताए ।

पाँचथरकै फाल्गुनन्द गाउँपालिकाले पनि ५० मुरीभन्दा बढी धान फलाउनेलाई रु ३० हजार र १०० मुरीभन्दा बढी धान उत्पादन गर्ने कृषकलाई रु ५० हजार प्रोत्साहन पुरस्कार दिँदै आएको छ । जिल्लामा फाल्गुनन्द र मिक्लाजुङ गाउँपालिका धेरै अन्नबाली उत्पादन हुने र सिँचाइका तुलनात्मक रूपमा राम्रो सुविधा भएका पालिकाका रूपमा रहिआएका छन् । *रासस*

सडक सञ्जाल विस्तार भएपछि चाररातेमा पर्यटकको आगमन बढ्दै

पाँचथर– पाँचथरको फालेलुङ गाउँपालिका-४ स्थित चाररातेमा पर्यटकको आगमन बढ्न थालेको छ । पूर्वाधार विकास र सहज सडक सञ्जाल विस्तार भएपछि यहाँ आन्तरिक तथा वाह्य पर्यटकको आगमन बढ्न थालेको हो ।

विभिन्न कारणले प्रचार बढ्दै गएको चाररातेक्षेत्रमा नेपाल र भारतबाट दैनिक ५०० जनासम्म पर्यटक यहाँ पुग्न थालेका फालेलुङ कञ्चनजंगा पर्यापर्यटन प्रवर्द्धन संस्थाका अध्यक्ष शिल्प साम्पाङ राईले जानकारी दिए । राईका अनुसार नेपाल-भारत सीमावर्ती क्षेत्रमा पर्ने चाररातेबाट हिमशृंखलाको दृश्यावलोकन, चौंरी तथा भेँडीगोठमा रमाउने अवसर, उच्च पहाडी क्षेत्रको अनुभव सँगाल्न पाइन्छ ।

मनोरम प्राकृतिक वातावरणमा रमाउन सकिने भएकाले चाररातेमा अहिले सयौंको संख्यामा पर्यटक आइरहेका अध्यक्ष राईले बताए । उनका अनुसार अहिले फालेलुङको बाटो सहज भएकाले पनि दैनिक ३०० देखि ५०० जनासम्म आन्तरिक तथा बाह्य पर्यटक यहाँ पुगिरहेका छन ।

यहाँ पर्यटक पुग्नुको अर्को कारण सूर्यास्त र हिमश्रृंखलाको आकर्षक दृश्यावलोकन पनि हो । 'पूर्वमा धेरै ठाउँबाट सूर्योदय राम्रोसँग देख्न सकिन्छ', पर्यटन व्यवसायीसमेत रहेका राईले भने, 'तर, यहाँबाट सूर्योदयसँगै सूर्यास्त पनि स्पष्टसँग देख्न सकिने भएकाले पर्यटक आकर्षित भइरहेका छन् ।' उनका अनुसार नेपाल, सिक्किम (भारत) र भुटानका हिमालको दृश्यावलोकनका लागिसमेत चाररातेक्षेत्र उपयुक्त मानिएको छ ।

नयाँ वर्षका दिन आयोजना हुने चौंरी महोत्सव, यहाँ छायाङ्न भएको 'उनको स्वीटर' चलचित्र, सामाचार सामग्री तथा युट्युब, टिकटक, फेसबुकलगायत सामाजिक सञ्जालबाट भएको डिजिटल प्रचारका कारण पर्यटक आकर्षित भइरहेका घरबास सञ्चालक डिल्लीहाङ केरुङले बताए । अहिले चाररातेसहित यहाँ रहेको नेपालको झण्डा आकारको झण्डा पोखरी, जलजले पोखरी, भैंसे पोखरी पनि पर्यटकको आकर्षण बनिरहेका छन् ।

समुन्द्र सतहदेखि तीन हजार ५०० मिटर उचाइमा अवस्थित चाररातेमा पाँचथरको फिदिमबाट प्राडबुङ हुँदै पर्यटक पुग्न सक्छन् भने इलामको सन्दकपुरबाट पनि यहाँ पुग्न सकिन्छ । नेपालतर्फबाट यस वर्ष अत्यधिक मात्रामा पर्यटक आएपछि स्थानीयवासी आर्थिक गतिविधि चलायमान हुने भन्दै उत्साहित भएका छन् ।

घरबास सञ्चालक केरुङका अनुसार यहाँबाट कञ्चनजंगा र कुम्भकर्ण हिमाल स्पष्टसँग देख्न सकिन्छ । 'ती दृश्य मोबाइल र क्यामेरामा नजिकैजस्तो गरी खिच्न सकिने हुँदा धेरै पर्यटक आकर्षित भइरहेका छन् । यस पटक बडादसैँ र तिहारको बिदा लामो भएकाले पनि फुर्सदको समयमा धेरै पर्यटक यहाँ पुगेका हुन्', केरुङले भने ।

सहज सडक पूर्वाधार विस्तार भएकाले दुईपाङ्गे र चारपाङ्गे सवारीसाधनबाट यहाँ पुग्न सकिने भएपछि पर्यटकको आगमन बढ्न थालेको केरुङको भनाइ छ । उनका अनुसार कात्तिक र मङ्सिर यस क्षेत्रको भ्रमणका लागि उपयुक्त यान मानिन्छ । विगत केही वर्षदेखि भारतको विभिन्न क्षेत्रका पर्यटकसमेत नेपालको बाटो हुँदै यहाँ पुग्न थालेपछि पर्यटनमा आधारित अर्थतन्त्र फस्टाउने र स्वरोजगारका अवसर सिर्जना हुने आशा पलाएको स्थानीय बताउँछन् । *रासस*

इपा खहरे खोलामा असला माछा संरक्षणको चिन्ता बढ्दो

मकवानपुर– मकवानपुरको मकवानपुरगढी गाउँपालिकास्थित इपा खहरे खोलामा जथाभावी विद्युतीय करेन्ट लगाएर माछा मार्ने क्रम बढेपछि स्थानीय जातका असला माछा संरक्षणको चिन्ता बढेको छ । साविकको बुढीचौर क्षेत्र हुँदै बग्ने उक्त खोलाको सुकौरा क्षेत्रभन्दा माथि बुढीचौरलगायत स्थानमा पछिल्लो दुई वर्षयता करेन्ट लगाएर माछा मार्ने क्रम बढेको स्थानीय युवा व्यवसायी एवं एकान्तकुना सिम होटेलका सञ्चालक गगनकुमार गोलेले बताए ।

विगतमा खोलामा प्रशस्त असला माछा पाइने गरेकामा जथाभावी करेन्ट लगाएर मार्ने क्रम बढेसँगै माछाको संख्या घट्दै गएको उनले जनाए । बाहिरबाट आउने व्यक्तिसँगै केही स्थानीयवासीले पनि करेन्ट लगाएर माछा मार्ने गरेको गोलेको भनाइ छ । करेन्ट लगाएर माछा मार्ने कार्य रोक्न स्थानीय वडामा समेत पहल गरिएको भए पनि यस विषयमा अपेक्षित चासो नदिइएको गोलेले गुनासो गरे । बुढीचौरमा आउने पर्यटकले स्थानीय असला माछाको स्वाद लिन रुचाउने गरेको उल्लेख गर्दै उनले करेन्ट लगाएर माछा मार्ने कार्य रोक्न सके माछाको संख्या बढ्नुका साथै स्थानीयवासीसमेत लाभान्वित हुने बताए ।

उनका अनुसार इपा खहरे खोला स्थानीयस्तरमा सिँचाइका लागि पनि महत्वपूर्ण जलस्रोत हो । खोलाको जलाधार संरक्षणसँगै स्थानीय जातका माछाको संरक्षण र दिगो उपयोगका लागि सम्बन्धित सबै पक्षको एकताबद्ध प्रयास आवश्यक रहेको उनले बताए । *रासस*

तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Social Media Handler - 5 (MALE/FEMALE)

नोट: +2 Passed, IT (सूचना प्रविधिसम्बन्धी ज्ञान भएको), अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्यूटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवीलाई विशेष प्राथमिकता दिइने छ ।

तलब सुविधा आपसी समझदारीमा कामको अनुभवको आधारमा तय गरिनेछ
आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. ९६४८/०८०/०८१

SECURE NEPAL JOB PLACEMENT PVT . LTD
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

युएइमा रोजगार कम्पनी : Global Wave Cleaning Service L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350776 | चलानी नं. ६०१६३६५५

सि. नं.	कामदारको पद	मासु संख्या पुरुष	मासु संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Cleaner (outside)	5	0	1200	४८,३४२	छ	८	६	३०	छ	छ	२ वर्ष
2	Cleaners (Male)	10	0	1200	४८,३४२							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रजाईं/कम्बल निःशुल्क उपलब्ध गराइने । | रोजगार कम्पनीले भिसा, हवाई टिकट, श्रम स्वीकृति, मेडिकल परीक्षण, बीमा लगायतका सबै खर्च व्यहोर्ने । | कामदार आफैले हवाई टिकट खर्च व्यहोर्ने । | कामदारले कम्पनीको नियम, कानुन पालना गर्नुपर्ने । | कामदारले कम्पनीको अनुमति बिना बिदा लिन पाइने छैन । | कामदारले कम्पनीको अनुमति बिना जागिर छाड्न पाइने छैन ।

Govt. License 083/053/054

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

युएइमा रोजगार कम्पनी : Homeworld Technical Services CO.

पूर्व स्वीकृति मिति : २०८३/०६/२७ | LT. No. 347880 | चलानी नं.६०१६३६४६

सि. नं.	कामदारको पद	मासु संख्या पुरुष	मासु संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Electrician	3	0	1200	४८,३४२	छैन	८	६	३०	छ	छ	२ वर्ष
2	Plumber	2	0	1500	६०,४२८							
3	Welder	3	0	1500	६०,४२८							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रजाईं/कम्बल निःशुल्क उपलब्ध गराइने । | रोजगार कम्पनीले भिसा, हवाई टिकट, श्रम स्वीकृति, मेडिकल परीक्षण, बीमा लगायतका सबै खर्च व्यहोर्ने । | कामदार आफैले हवाई टिकट खर्च व्यहोर्ने । | कामदारले कम्पनीको नियम, कानुन पालना गर्नुपर्ने । | कामदारले कम्पनीको अनुमति बिना बिदा लिन पाइने छैन । | कामदारले कम्पनीको अनुमति बिना जागिर छाड्न पाइने छैन ।

ARANIKO OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 5010657/5010658,
Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com

मलेसियामा रोजगार कम्पनी : Guh Circuit Industry Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०६ | LT. No. 346827 | चलानी नं. ६०१६०००३

सि. नं.	कामदारको पद	मासु संख्या पुरुष	मासु संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	(Factory/general) Worker	2	0	1700	६१,१५०	क. लि. अनुसार	८ घण्टा	६ दिन	क. लि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले | रोजगार कम्पनीले

Trust Nepal Overseas Pvt. Ltd.
Maharajgunj, Kathmandu, Nepal, Tel. +977-1-4377190, 4377196,
Fax: 0977-1-4375788, Email: info@trustnepal.com

Govt. lic. no. 259/058/059

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८३/०८/०७ गतेको प्रभाव राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि गोप्य सिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानुन बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पत्रिका स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

न्यूरोड शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बबरमहल काठमाण्डौमा प्रा.फ.र.नं ३५६६१/०५१ अन्तर्गत मिति २०५१/११/२९ मा दर्ता कायम भएको **हिमालयन हर्वस ट्रेडर्स**
फर्म दर्ता ठेगाना : का.म.न.पा -४, बालुवाटार, काठमाडौं
स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८
प्रोपाईटर : श्रीमती लैकु लामा
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा

२. कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय हुम्लामा उद्योग दर्ता नं. १९२५/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/०५ मा दर्ता कायम भएको **हिमालयन हर्वस**
उद्योग दर्ता ठेगाना : सिमकोट गा.पा -३, हुम्ला
स्थायी लेखा नं. ५००२२०११३, मिति : २०७६/०८/०८
प्रोपाईटर : श्रीमती लैकु लामा
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा अल्पकालिन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

श्रीमती लैकु लामा
ना.प्र.नं. १३४५, जारी मिति : २०४८/०१/०४, जि.प्र.का. हुम्ला
बाबुको नाम : ताक्पा छोल्दान लामा
बाजेको नाम : कार्किर्त लामा
स्थायी ठेगाना : वरगाउ -५, हुम्ला
हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं

तेन्जिन डोमा लामा
ना.प्र.नं. २७१५३६५/२२२२१, जारी मिति : २०६२/०२/२५, जि.प्र.का. काठमाडौं
बाबुको नाम : नर बहादुर लामा
बाजेको नाम : धने लामा
स्थायी ठेगाना : बिष्णु बुढानीलकण्ठ -३, काठमाडौं
हालको ठेगाना : बुढानीलकण्ठ न.पा -५, काठमाडौं

धितोको विवरण (घर/जग्गाको विवरण)

१. कार्किर्त लामाको नातिनी, ताक्पा छोल्दान लामाको छोरी, श्रीमती लैकु लामाको नाममा मालपोत कार्यालय, चाबहिल, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला विष्णु (बुढानिलकण्ठ) गा.वि.स./ न.पा. वडा नं. ७ ग स्थित कि.नं. १५३ र २६३ को क्षेत्रफल क्रमशः १-२-३-० र ०-२-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. कार्किर्त लामाको नातिनी, ताक्पा छोल्दान लामाको छोरी, श्रीमती लैकु लामाको नाममा मालपोत कार्यालय, धुन्चे, रसुवामा दर्ता श्रेस्ता कायम रहेका रसुवा जिल्ला, लहरेपौवा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १४३४, १४३५, ५४३, २११५ र २११७ को क्षेत्रफल क्रमशः ०-१३-२-०, ०-१३-२-०, १-१०-१-२, १-१४-०-० र २-८-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य सिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नुपर्ने छ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा सिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदातालै नै व्यहोर्नु पर्ने छ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदातालै जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदातालाई बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफूले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानुनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ मंसिर १३ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८३ मंसिर १४ गते
समय : दिउँसो ३ बजे, स्थान: सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००

प्रभाव दैनिक

रूपशाला

शोभित बस्नेत निर्देशित 'जाला जोवन' सार्वजनिक

सान्भि इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्मित डान्सिङ गीत 'जाला जोबन' सार्वजनिक भएको छ । विवाहको मौसम चलिरहेका बेला रिलिज गरिएको यस गीतले दर्शक तथा श्रोतामाझ राम्रो स्थान बनाउने अपेक्षा गरिएको छ । सान्भी इन्टरटेन्मेन्टको पहिलो म्युजिक भिडियो भएकोले मायाको अपेक्षा करिश्मा केसीले गरेकी छन् भने शोभित बस्नेतले फिल्म र म्युजिक भिडियो सङै सिरिज र पोडकास्ट समेत ल्याउने योजना रहेको र पछाडि बसेर ससुरा बुहारीले काम गर्दै छोरा सलोन बस्नेतलाई अगाडि ल्याउने बताए । सिडी विजय अधिकारी र शान्ति श्री परियारको स्वर रहेको उक्त गीतमा अर्जुन पोखरेलको सङ्गीत र मुक्त उदासको शब्द रचना रहेको छ ।



सोमबार, ०७ मंसिर २०८३ (Monday, 23 November 2026)

'सायरा: ए मिरोर अफ सोसाइटी' निर्माण हुने


■ प्रभाव संवाददाता

काठमाडौं– वेब सिरिज 'सायरा: ए मिरोर अफ सोसाइटी' निर्माण हुने भएको छ । अमेरिकाबाट व्यावसायिक यात्रा सुरु गर्न लागेको अस्त्र सिने स्टुडियोजले नेपालस्थित च्याड स्टुडियोजसँगको सहकार्यमा वेब सिरिज निर्माण गर्न लागेको हो । वेब सिरिजमा किशोर भण्डारीको लेखन तथा निर्देशन रहनेछ । सिरिजले 'स्टोरीज च्याट स्ट्राइक लाइक स्टार्स' नारा बोकेको छ ।

चाँडै नै छायांकनमा जाने यो सिरिज आगामी माघ १ गते अर्थात् जनवरी १५ बाट रिलिज हुनेछ । हाल यो सिरिजका लागि चर्चित नेपाली सम्पादक निशान घिमिरेले चिफ एडिटर र प्रोजेक्ट हेडका रूपमा काम गरिरहेका छन् ।

निर्माण पक्षले वेब सिरिजको फस्टलुक पनि सार्वजनिक गरेको छ । जसमा 'सायरा' नामको पछ्याडि एक महिला चस्मा लगाएर कतै हेरिरहेकी छन् । त्यसभन्दा ठिक तल एक महिला उपत्यका जस्तै देखिने स्थानतर्फ हिँडिरेहकी छन् भने उनको दाँया र बाँया केही मानिसहरू बसिरहेको देख्न सकिन्छ ।

'आजको डिजिटल दुनियाँको लतले आम मानिसको ध्यानलाई विकृत काममा डाइभर्ट गरिरहेको छ । यो सिरिजको उद्देश्य त्यता सामाजिक विकृतिविरुद्ध आवाज उठाउँदै विशुद्ध जनचेतनासँगै मनोरञ्जन सँगै परिवारसँग बसेर आनन्दका साथ दर्शकले सिरिज हेरुन् भन्ने हाम्रो चाहना हो', निशानले भने, 'सिरिजलाई बहुभाषिक बनाउनेछौं । सिरिजलाई अन्तर्राष्ट्रिय बजारीकरण गरेर नेपाली कथालाई



विश्वव्यापी देखाउने हाम्रो उद्देश्य हो ।'

निशानले सांस्कृतिक विविधता स्वरूप कथाको माग अनुसार नेपाल र अमेरिकामा पनि छायांकन गर्ने तयारी भइरहेको खुलाए । 'सिरिजलाई अंग्रेजी सबटाइटल गरेर विश्वका विभिन्न देशमा पनि सहजै हेर्न सकिने बनाउने योजना छ,' उनले भने, 'केही समयपछि नै सिरिजको कलाकार र टिम सदस्यहरू पनि सार्वजनिक गर्नेछौं ।'

दुई दशकभन्दा लामो समयदेखि नेपाली फिल्म र म्यूजिक भिडियोको विकास तथा रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्दै आएका निशानले सन् २०२४ मा अमेरिकामा भएको अमेरिकन फिल्म मार्केटको ४५ औं संस्करणमा नेपालको प्रतिनिधित्व गर्दै सहभागिता जनाएका थिए । अमेरिकाको लस भेगासस्थित पाम्स क्यासिने रिर्सोटमा भएको कार्यक्रममा विश्वभरका ८० देशबाट सहभागी व्यक्तिहरूले फिल्म लगानी तथा वित्तिय व्यवस्थापन, निर्माण, वितरण, नयाँ प्रविधि, कृत्रिम बुद्धिमता(एआई), फिल्म स्ट्रिमिङ र कथावाचनलगायतका विषयमा आफ्नो विचार राखेका थिए ।

निशानले आफ्नो कम्पनी च्याड स्टुडियोमार्फत नेपाली फिल्मका विशिष्ट विशेषताहरू अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गरेका थिए । उनले नेपालमा कथावाचन परम्परा, फिल्म निर्माणमा प्रयोग भइरहेका आधुनिक प्रविधि र फिल्म छायांकनका लागि उपर्युक्त प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थानहरूको महत्वलाई जोड दिएका थिए ।

सन् २०२३ मा बेलायतको लण्डनमा आयोजित 'फोकस २०२३: मीट द मेकर्स' सम्मेलनमा पनि सहभागिता जनाउँदै नेपाली फिल्म उद्योगको सम्भावनालाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्ने प्रतिबद्धता जनाएका थिए ।

रंगशाला

एसिया कप राइजिङ स्टार्स कप

भुर्तेल चम्किँदा युएईविरुद्ध नेपालको शानदार जित

■ प्रभाव संवाददाता

काठमाडौं– कुशल भुर्तेलले ब्याट र बल दुवैबाट उत्कृष्ट प्रदर्शन गरेपछि नेपालले एसिया कप राइजिङ स्टार्स प्रतियोगितामा आइतबार संयुक्त अरब इमिरेट्स (युएई) लाई ६ विकेटले हराउँदै पहिलो खेलमा भारतसँग भोगेको लज्जाजनक हारको घाउमा मल्हम लगाएको छ ।

पहिलो इनिङमा ३ विकेट लिएका भुर्तेलले ब्याट्वाट अर्धसतकीय इनिङ खेलेपछि कतारको दोहास्थित युनिभर्सिटी अफ दोहा फर साइन्स एण्ड टेक्नोलोजीको मैदानमा युएईले दिएको १२२ रनको लक्ष्य नेपालले २२ ओभरमा ४ विकेट गुमाउँदै १२३ रन बनाएर पूरा गरेको थियो ।

५६ बल सामना गरेका ओपनिङ ब्याटर भुर्तेलले ६ चौका र १ छक्कासहित सर्वाधिक ५७ रनको योगदान गरेका थिए । चौथो विकेटका लागि भुर्तेलले बसिर अहमदसँग ४३ रनको साझेदारी गरे ।

८ रनमै २ विकेट गुमाइसकेको नेपालको इनिङ उकास्न तेस्रो विकेटका लागि भुर्तेलले र मायन यादवसँग ६१ रनको साझेदारी गरेका थिए । मायनले २८ बलमा ४ चौका र १ छक्कासहित २७ रनको योगदान गरे । बसिरले ३१ बलमा १८ रन बनाएका थिए । भुर्तेल आउट भएपछि आएका पवन सर्राफले ९ बलमा २ चौकासहित ९ रनको योगदान गरे ।

युएईका मुहमद मोहसिनले २ विकेट लिँदा उदिस सुरी र अंश टण्डनले १/१ विकेटमा नाम लेखाए ।

लक्ष्य पछ्याउने क्रममा नेपालले सुरुमै दुई झट्का बेहोर्नुपरेको थियो । दोस्रो ओभरमा ८ रन बनाउँदा नेपालले लगातारका बलमा दुई विकेट गुमाएको थियो । दोस्रो ओभरको पाँचौं र छैटौं बलमा मुहमाद मोहसिनले नेपालका अर्जुन कुमाल र देव खनाललाई पवेलियनको बाटो देखाएका थिए । ५ रन बनाएका कुमाल र खाता खोल्नै नपाएका देव दुवैलाई मोहसिनले विकेटविकर आफ्ताब आलमबाट स्टम्पिङ गराएका थिए । त्यसअघि टस जितेर फिल्डिङ राजेका कप्तान सन्दीप लामिछानेले बलिङ आक्रमणको नेतृत्व गर्ने क्रममा १० ओभर बलिङ गर्दै १.१० को इकोनोमीमा २४ रन दिँदै ३ विकेट लिए । ३ ओभर मेडन राखेका सन्दीपले १० ओभरमा कुल ११ रन मात्र दिएका थिए ।

कुशल भुर्तेलले ३ तथा ललित राजवंशी, नन्दन यादव र रसिद खानले थप १-१ विकेट लिएपछि युएईले ३९.५ ओभरमा १२१ रन बनाउँदा सबै विकेट गुमाइसकेको थियो । कुशलले ५ ओभरमा २ मेडन राख्दै १५ रन खर्चेका थिए ।

युएईका लागि मोहम्मद शाहदादले बनाएको ४० रन सबभन्दा ठूलो व्यक्तिगत स्कोर थियो । साहदादले कुशल भुर्तेलको बलमा नन्दन यादवबाट समातिनुअघि ७० बल खेल्दै ५ चौकाको मद्दतमा उक्त योगफल तयार गरेका थिए ।

टोलीका लागि हरप्रित सिंहले ३२ रनको योगदान गरे । ४८ बलमा ४ चौका प्रहार गरेका हरप्रितलाई नेपाली कप्तान सन्दीपले अर्जुन कुमालको हातबाट क्याच गराएर पवेलियनको बाटो देखाएका थिए ।

नेपाली बलरको प्रदर्शन प्रभावशाली रहँदा युएईका लागि शाहदाद र हरप्रितबाहेक दोहोरो अंकमा स्कोर गर्ने एकमात्र खेलाडी नूरुल्लाह अयोबी थिए । नुरुल्लाहले कुशल भुर्तेलको बलमा रसिद खानबाट क्याच हुनुअघि २४ बलमा १ छक्कासहित १२ रन बनाएका थिए । समूह 'बी' मा रहेको नेपालले शुक्रबार भारत 'ए' सँगको खेलमा ३०६ रनको लज्जाजनक हार भोगेको थियो । भारतसँगको खेलमा पनि नेपालले टस जितेर फिल्डिङ रोजेको थियो ।

समूह 'बी' मा नेपालसँगै भारत र पाकिस्तानका 'ए' टिम छन् भने युएइको सिनियर टिम छ । भारतसँग पहिलो खेलमा नेपाल ३०६ रनले पराजित हुँदा ३३३ रनको लक्ष्य पछ्याउने क्रममा ११.३ ओभरमा २६ रन बनाउँदा सबै विकेट गुमाइसकेको थियो । नेपालले अब पाकिस्तानसँग तेस्रो खेल मंगलबार खेल्नेछ । पाकिस्तान र युएईबीचको पहिलो खेलमा पाकिस्तान ६१ रनले विजयी भएको थियो ।

साउदीमा रोजगार कम्पनी : HYUNDAI HEAVY INDUSTRIES TURBOMACHINERY L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350683 चलानी नं. ६०२६३५९०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Blacksmith (Welder)	1	0	3000	१.१८.०२	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल गर्न लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल गर्न लाग्ने खर्च	स्वदेशमा बसिरहे बिमा गर्न लाग्ने खर्च	रोजगारका लागि हुने/भइरहने खर्च	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको दिने र गरि लाग्ने	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	१०,०००/-	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माग्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण का इच्छुकमात्र तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालना सम्पर्क गर्नुहोला ।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059

कतारमा रोजगार कम्पनी : MOHAMMED BIN ABDULLAH CONTRUCATION AND MAINTENANCE GROUP

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350763 चलानी नं. ६०२६३६००

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Receptionist	0	1	1800	७२,४७३	श्रम स्वीकृति अनुसार	८ घण्टा	६ दिन	श्रम स्वीकृति अनुसार	छ		२ वर्ष
2	GENERAL WELDER	2	0	1200	४८,६५०							
3	Drivers	1	0	1700	६८,४५९							
4	Cleaning Foreman	3	0	2500	१,०१,३५२							
5	Carpenter (Building)	3	0	1200	४८,६५०							
6	Scaffolding	7	0	1200	४८,६५०							
7	ASSISTANT STONE MASON	1	0	1200	४८,६५०							
8	SALES EXCUTIVE	1	0	2500	१,०१,३५२							
9	SUPERVISOR (CLEANING)	6	0	2500	१,०१,३५२							
10	General Welder	4	0	1200	४८,६५०							
11	Representative	1	0	2200	८९,१८०							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल गर्न लाग्ने खर्च	रोजगार कम्पनीले मेडिकल गर्न लाग्ने खर्च	स्वदेशमा बसिरहे बिमा गर्न लाग्ने खर्च	रोजगारका लागि हुने/भइरहने खर्च	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको दिने र गरि लाग्ने	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माग्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण का इच्छुकमात्र तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालना सम्पर्क गर्नुहोला ।

GOLDEN GLOW OVERSEAS PVT. LTD. (Sampaanata Overseas Pvt. Ltd.)
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

साइप्रसमा रोजगार कम्पनी : CHRIS ECONOMIDES PRIVATE EMPLOYMENT AGENCY -LIC.NO.475

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०६ LT. No. 330856 चलानी नं.६०२४४६६५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब EUR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Domestic Worker	0	7	400	६४,९५८	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल खर्च गरेको	रोजगार कम्पनीले मेडिकल खर्च दिने / गरिदिने	स्वदेशमा बसिरहे बिमा खर्च गरेको	रोजगारका बिमा हुने/गर्नुपर्ने खर्च गरेको	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माग्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण का इच्छुकमात्र तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालना सम्पर्क गर्नुहोला ।

APPS OVERSEAS MANPOWER PVT. LTD
Bhimsengola - 31, Kathmandu, Nepal, Tel: +977 1 4536137, 9768722509
E-mail : appsmanpower2025@gmail.com Web: www.appsoverseas.com
LIC No. 1758/081/82

मलेसियामा रोजगार कम्पनी : L H MARKETING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350859 चलानी नं. ६०२६३६४७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	(FACTORY/GENERAL) WORKER	25	0	1700	६१,२८५	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ	छैन	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल खर्च गरेको	रोजगार कम्पनीले मेडिकल खर्च दिने / गरिदिने	स्वदेशमा बसिरहे बिमा खर्च गरेको	रोजगारका बिमा हुने/गर्नुपर्ने खर्च गरेको	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माग्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण का इच्छुकमात्र तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालना सम्पर्क गर्नुहोला ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083

युएइमा रोजगार कम्पनी : BWABT ALBHR BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 350449 चलानी नं. ६०२६३६०५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Marketing Specialist	1	0	2500	१,००,७१४	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner Supervisor	2	0	2200	८८,६२८							
3.	Archieve Clerk	1	0	2200	८८,६२८							
4.	Accountant	1	0	2500	१,००,७१४							
5.	Cleaner Male	15	0	1000	४०,२८६							
6.	Hotel General Cleaner	15	0	1000	४०,२८६							

अन्तरवार्ता हुने स्थान:संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल खर्च गरेको	रोजगार कम्पनीले मेडिकल खर्च दिने / गरिदिने	स्वदेशमा बसिरहे बिमा खर्च गरेको	रोजगारका बिमा हुने/गर्नुपर्ने खर्च गरेको	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफू काम गर्न जाने मुलुकका रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माग्नुहोला । ५) विदेश जानुअघि अभिमुखिकरण का इच्छुकमात्र तालिम अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ७) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालचालना सम्पर्क गर्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२१/७४/७५

युएइ/ओमनमा रोजगार कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०६ LT. No. 328700 चलानी नं. ६०२४२६८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour	50	0	1000	८०,२८५	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : AL SHAFAQ AL AALI PROJECTS

पूर्व स्वीकृति मिति : २०८३/०८/०६ LT. No. 350678 चलानी नं. ६०२६३६३०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cafe Waiter	1	0	150	५७,७१८	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०६ LT. No. 328699 चलानी नं. ६०२४२६६२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour	50	0	1000	८०,२८५	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसिरहे पि मेडिकल खर्च गरेको	रोजगार कम्पनीले मेडिकल खर्च दिने / गरिदिने	स्वदेशमा बसिरहे बिमा खर्च गरेको	रोजगारका बिमा हुने/गर्नुपर्ने खर्च गरेको	हवाई टिकट गरेको दिने र गरि लाग्ने	भिसा शुल्क गरेको दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरि लाग्ने	कल्याणकारी कोष गरेको	सेवा शुल्क	अभिमुखीकरण शुल्क गरि लाग्ने र गरेको खर्चहरु	भिसा स्टाम्पिङ शुल्क गरेको खर्चहरु
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम



गाजा क्षेत्रमा इजरायली मिसाइल प्रहारपछि जलेको सवारी साधन नजिकै हिड्दै एक बालक। *फोटो- सिन्त्वा*

गाजामा तीन लाख ५० हजार परिवार आवासविहीन, ४ लाख १० हजार घरमा क्षति

गाजा– इजरायल-हमास द्वन्द्वका कारण गाजा क्षेत्रमा तीन लाख ५० हजार परिवार तत्काल आवासको आवश्यकतामा रहेको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् ।

हमासद्वारा सञ्चालित सार्वजनिक निर्माण तथा आवास मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा द्वन्द्वका क्रममा करिब चार लाख १० हजार आवासीय एकाइमा क्षति पुगेको जनाएको छ । तीमध्ये तीन लाख ३५ हजार पूर्ण रूपमा ध्वस्त भएका छन् भने ७५ हजार बस्नै नमिल्ने अवस्थामा पुगेका छन् ।

मन्त्रालयका अनुसार गाजा क्षेत्रका करिब ८० प्रतिशत भवनमा क्षति पुगेको छ भने समग्र पूर्वाधारको करिब ९० प्रतिशत नष्ट भएको छ । आवासको तत्काल आवश्यकता रहेका तीन लाख ५० हजार परिवारमध्ये दुई लाख ७० हजार परिवार तीन वर्षभन्दा लामो समयदेखि आधारभूत सुविधाविनै पालमा बस्दै आएका छन् ।

वर्षायाम सुरु भएसँगै सात हजार ५०० परिवार बाढीको जोखिममा रहेको मन्त्रालयले जनाएको छ । तीमध्ये दुई हजार ५०० परिवारलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था छ । मन्त्रालयका अनुसार प्रतिकूल मौसम थप गम्भीर हुनुअघि करिब दुई लाख पुराना तथा जीर्ण पाल तत्काल विस्थापित गरी नयाँ पाल उपलब्ध गराउनुपर्ने आवश्यकता छ ।

यसका लागि मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायलाई आवास सामग्री आपूर्तिका लागि विशेष मानवीय सहायता मार्ग स्थापना गर्न आग्रह गरेको छ । त्यस्तै, भग्नावशेष हटाउन र सडक पुनः सञ्चालन गर्न आवश्यक भारी उपकरण, इन्धन तथा स्पेयर पार्ट्स गाजामा भित्र्याउन पनि उसले माग गरेको छ ।

मन्त्रालयले प्रभावित नागरिकको सम्पत्ति अधिकार सुरक्षित हुने गरी पारदर्शी तथ्याङ्कमा आधारित स्थायी आवास पुनर्निर्माण कार्यक्रम सञ्चालन गर्नसमेत अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ । *रासस/सिन्त्वा*

भारतको मणिपुरमा मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १६ पुग्यो, ६०० उपचाररत

नयाँदिल्ली– भारतको उत्तरपूर्वी राज्य मणिपुरमा विषाक्त मदिरा सेवनका कारण मृत्यु हुनेको संख्या १६ पुगेको छ । घटनामा बिरामी परेका करिब ६०० जना विभिन्न अस्पतालमा उपचाररत रहेको अधिकारीहरूले बताएका छन् ।

मणिपुरको चन्देल जिल्लास्थित चकपिकारोड क्षेत्रमा उक्त घटना भएको हो । यो क्षेत्र राज्यको राजधानी इम्फालबाट करिब ७५ किलोमिटर दक्षिणमा पर्दछ । स्थानीय सरकारी अधिकारीका अनुसार विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १६ पुगेको छ । भारतको सरकारी प्रसारण संस्था अल इन्डिया रेडियोका अनुसार करिब ६०० जनालाई सरकारी तथा निजी अस्पतालमा भर्ना गरिएको छ ।

मणिपुरका वरिष्ठ स्थानीय सरकारी अधिकारी हुन्यो वोरसाडले जिल्ला प्रशासन, प्रहरी, अन्तःशुल्क तथा स्वास्थ्य विभागका टोलीले प्रभावित क्षेत्र र अस्पतालको भ्रमण गरी अवस्थाबारे जानकारी लिएको तथा आवश्यक सहयोग उपलब्ध गराइरहेको बताएका छन् ।

घटनामा संलग्न रहेको आशंकामा प्रहरीले छ जनालाई पक्राउ गरेको छ । घटनाको छानबिन गर्न मणिपुर सरकारले उच्चस्तरीय अनुसन्धान समिति गठन गरेको छ । समितिलाई घटनाको कारण पत्ता लगाउन, सम्भावित कमजोरी पहिचान गर्न र आवश्यक कारवाहीका लागि सुझाव दिन एक महिनाभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।

अधिकारीहरूका अनुसार शंकास्पद मदिरामा विषाक्त पदार्थको उपस्थिति रहे-नरहेको पत्ता लगाउन नमुना संकलन गरी फरेन्सिक परीक्षणका लागि पठाइएको छ । *रासस/सिन्त्वा*

बहराइनस्थित अमेरिकी अखडामा ड्रोन र क्षेप्यास्त्र प्रहार

तेहरान/मनामा– इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) ले बहराइनस्थित दुई अमेरिकी सैन्य हवाई अ•मा क्षेप्यास्त्र तथा ड्रोनमार्फत आक्रमण गरेको जनाएको छ ।

आईआरजीसीले शनिबार राति जारी गरेको विज्ञप्तिमा आफ्नो एयरोस्पेस फोर्सले बहराइनका अल रिफा र अवाली साखिर हवाई अ•मा रहेका अमेरिकी राडारलाई लक्षित गरी जवाफी कारवाही गरेको उल्लेख गरेको छ ।

इरानको आधिकारिक सञ्चारमाध्यम सेपाह न्युजमा प्रकाशित विज्ञप्तिअनुसार अमेरिकी पक्षबाट इरानी हवाई क्षेत्रको उल्लङ्घन जारी रहेकाले उक्त कारवाही गरिएको हो । आक्रमणमा अमेरिकी सेनाको प्याट्रियट हवाई रक्षा प्रणालीसँग सम्बन्धित दुई राडारमा क्षति पुगेको आईआरजीसीको दाबी छ ।

आईआरजीसीले अमेरिकी सेनाका एमक्यू-१ प्रिडेटर र एमक्यू-९ रिपर ड्रोनले पनि शनिबार इरानी हवाई क्षेत्रमा प्रवेश गरेको आरोप लगाएको छ । इरानी हवाई क्षेत्र आफ्नो सशस्त्र सेनाका लागि संवेदनशील विषय भएको उल्लेख गर्दै उसले उल्लङ्घन भए कडा जवाफ दिने चेतावनी दिएको छ ।

यसैबीच, बहराइनको आन्तरिक मन्त्रालयले इरानी आक्रमणमा एउटा औद्योगिक प्रतिष्ठानलाई लक्षित गरिएको र त्यहाँ आगलागी भएको जनाएको छ । आगो नियन्त्रणमा लिन नागरिक सुरक्षा टोली परिचालन गरिएको मन्त्रालयले बताएको छ । बहराइन रक्षा बलका अनुसार हवाई रक्षा प्रणालीले इरानबाट प्रहार गरिएका केही हवाई आक्रमणलाई रोकेको थियो । रोकिएका आक्रमणका अवशेष खस्दा सामान्य भौतिक क्षति भए पनि मानवीय क्षति नभएको जनाइएको छ ।

यसैबीच, इरानका उपविदेशमन्त्री काजेम गरिबाबादीले अमेरिकाले लगाएको आर्थिक नाकाबन्दीलाई युद्धको कार्यका रूपमा लिएको बताएका छन् । उनले नाकाबन्दी तोड्न आवश्यक सबै उपाय अपनाउने चेतावनी दिए । उनका अनुसार युद्धविराम गर्ने र हर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा ल्याउने दुईदिने योजना इरानले अघि सारेको एकमात्र प्रस्ताव हो । अमेरिकाले उक्त योजना कार्यान्वयनका लागि आवश्यक सर्त पूरा गरे वार्ता अघि बढाउन सकिने उनले बताए । इरान र अमेरिकाबीच हर्मुज जलडमरूमध्य तथा आसपासका क्षेत्रमा तनाव पुनः बढिरहेका बेला पछिल्लो घटना भएको हो । *रासस/सिन्त्वा*

इजरायलमा राष्ट्रिय एकता सरकार गठनका लागि दलहरूबीच वार्ता तयारी

जेरुसेलम– इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको लिकुड पार्टीले सम्भावित राष्ट्रिय एकता सरकारमा सहभागी हुन गाजा, लेबनान र सिरियामा युद्धका क्रममा स्थापना गरिएका सुरक्षा क्षेत्र कायम राख्नुपर्ने सर्त अघि सारेको छ ।

लिकुड पार्टीले शनिबार एकता सरकार गठनसम्बन्धी वार्तामा सहभागी हुन विभिन्न सर्तसहितको आधिकारिक धारणा सार्वजनिक गरेको हो । पूर्वसैन्य प्रमुख गादी आइजेनकोटका नेतृत्वमा रहेको याशार पार्टीले शनिबार लिकुडलाई व्यापक राष्ट्रिय एकता सरकार गठनका लागि गहन गठबन्धन वार्ता सुरु गर्न आमन्त्रण गरेपछि लिकुडले आफ्ना सर्त सार्वजनिक गरेको हो ।

याशार पार्टीले नयाँ सरकार गठनका लागि सम्भावित सबै विकल्पमा छलफल गर्ने, नवीन पहल अघि बढाउने र राजनीतिक सहमति जुटाउने प्रयास गर्ने जनाएको छ । लिकुडले अघि सारेका अन्य सर्तमा इजरायललाई यहुदी जनताको राष्ट्रका रूपमा मान्यता दिनुपर्ने, प्यालेस्टाइन राज्य स्थापनाको प्रस्ताव अस्वीकार गर्नुपर्ने तथा यहुदी अतिवादी अर्थोडक्स धार्मिक समुदायका विद्यार्थीको सैन्य सेवासम्बन्धी व्यवस्था टुङ्ग्याउनुपर्ने विषय समावेश छन् ।

पूर्वसैन्य प्रमुख आइजेनकोटलाई सरकार गठनका लागि डिसेम्बर ६ सम्मको समय दिइएको छ । आवश्यक परे राष्ट्रपतिले थप दुई सातासम्म समयावधि बढाउन सक्नेछन् । अक्टोबर २७ मा सम्पन्न संसदीय निर्वाचनमा नेतान्याहुका विपक्षी दलहरूले १२० सदस्यीय संसद्मा ६७ सिट जितेका थिए । तर उक्त बहुमतमा अरब राजनीतिक दलका १९ सिटसमेत समावेश छन् । आइजेनकोटका सम्भावित गठबन्धनका केही साझेदारले ती दलहरूको समर्थन स्वीकार गर्न नसक्ने बताएका छन् । यसले नयाँ राष्ट्रिय एकता सरकार गठनका लागि गठबन्धन वार्तालाई थप चुनौतीपूर्ण बनाएको छ । *रासस/सिन्त्वा*

युएइमा रोजगार कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING @ MAINTENANCE- LLC
पूर्व स्वीकृति मिति : २०८३/०८/१५ पूर्व स्वीकृति मिति : २०८३/०८/०६ LT. No. 345813 चलानी नं. ६०१५८०८१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	A Cleaner	2	1	1000	८०,२८५	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

कतारमा रोजगार कम्पनी : CHANGDA CONSTRUCTION DOHA
पूर्व स्वीकृति मिति २०८३/०८/०५ LT. No. 350723 चलानी नं.६०१६३६४२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Material Handler Construction	180	0	1000	८०,५८०	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष
2	Driver	7	0	2000	८१,०८१	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान भापा, इटहरी, सिराहा, जनकपुरमा मिति : २०८३ मंसिर १४ देखि पुस ४ गते सम्म (5th Dec.to 19th Dec 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

SUNLIGHT OVERSEAS RECRUITING MANPOWER PVT. LTD.
Sunlight Overseas Recruiting Manpower Pvt.Ltd
Sinamangal - 9 panchkumari mandir, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

युएइमा रोजगार कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE LLC
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350838 चलानी नं. ६०१६३६१०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Buildin Worker/labour	40	0	1000	८०,२८६	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	१०,०००/-	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

कुवेतमा रोजगार कम्पनी : MERLO CAFE & RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350702 चलानी नं. ६०१६३५९६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Barista Male	6	0	140	६६,४३८	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	१०,०००/-	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
Sultan Gulf Overseas Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

साउदीमा रोजगार कम्पनी : AL-MUNTALAQ AL-AWWAL ESTABLISHMENT FOR CONTRACTING
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350675 चलानी नं.६०१६३६३६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Office and Facilities Cleaning Worker	10	0	1000	३९,४३३	कम्पनीसरह	८ घण्टा	६ दिन	कम्पनीसरह	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

कतारमा रोजगार कम्पनी : FAJER BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350626 चलानी नं. ६०१६३६१२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Beautician / Manicurist / Pedicurist / Make up / Hair Stylist / Waxing / Hena	0	4	1800	७२,८७४	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने	रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म	हवाई टिकट गराउने दिने र बसी जाने	बिमा शुल्क गराउने दिने र बसी जाने	सामाजिक सुरक्षा कोष गराउने दिने र बसी जाने (रासस/सम्पा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलेखिकरण शुल्क बसी जाने र गराउने ठाउँसम्म	बिमा स्टाम्पिङ शुल्क गराउने ठाउँसम्म
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क	रु.७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइपनो नामबा बिना प्राण भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निगेाजको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बतिगमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्मा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १४४८ / ०७८ / ०७९

कतारमा रोजगारको अवसर कम्पनी : SEVENTH AVENUE BEAUTY CENTER
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350823 चलानी नं. ६०१६३५८५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician Helper(Female)	0	5	2100	८५,१३७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १४ गते (30th Nov. 2026) मा हुनेछ ।

| रहदेखना अरिवे पि मेडिकल गर्न लगाउने र बसी जाने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | रहदेखना अरिवे बिना खर्च गर्न लगाउने ठाउँसम्म र बसी जाने | रोजगारका बिना हुने/नहुने र गराउने ठाउँसम्म | हवाई टिकट गराउने दिने र बसी जाने | बिमा शुल्क गराउने दिने र बसी जाने | सामाज

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / प्रति तोला	तेजाबी सुन / प्रति तोला	चाँदी / प्रति तोला
२,४२,६००	०	३,०६५



च्याउखेतीको तयारी | महोत्तरीको बर्दिबास-२ ओमशान्तिचोकमा च्याउखेतीका लागि गहुँको भुसलाई चुन र औषधी पानीमा धोएर मचानमा चाङ लगाउँदै किसान । *तस्बिर :गोपालप्रसाद बराल/रासस*

तल्लो अरुण जलविद्युत् आयोजना

दिल्लीबाट डिजिटल शिलान्यास हुँदै

■ प्रभाव संवाददाता

संखुवासभा– तल्लो अरुण जलविद्युत् आयोजनाको प्रधानमन्त्री वालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा शिलान्यास गर्ने भएका छन् ।

एसजेभीएन तल्लो अरुण पावर डेभलपमेन्ट कम्पनी (एसएलपिडिसी) प्रमुख कार्यकारी अधिकृत पंकज चौधरीका अनुसार शिलान्यासको तयारी अन्तिम चरणमा पुगेको छ । प्रधानमन्त्री शाह र उनका भारतीय समकक्षी मोदीले सोमबार नयाँदिल्लीबाट डिजिटल माध्यममार्फत आयोजनाको शिलालेख अनावरण गर्ने प्रमुख कार्यकारी अधिकृत चौधरीले जानकारी दिए ।

आयोजना संखुवासभाको चिचिला गाउँपालिका र खाँदबारी नगरपालिका निर्माण हुनेछ । प्रधानमन्त्री शाह दुईदिने राजकीय भ्रमणका क्रममा आइतबार नयाँदिल्ली पुगेका छन् । आयोजनाको क्षमता ६६९ मेगावाट रहेको छ । डिजिटल शिलालेख अनावरणको प्रत्यक्ष प्रसारण आयोजनास्थलमा गरिने एसजेभीएन तल्लो अरुण पावर डेभलपमेन्ट कम्पनीले जनाएको छ ।

आयोजनाको संखुवासभास्थित चिचिला

> निर्माणाधीन ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि जम्मा भएको पानी खाँदबारी नगरपालिका-२ चेवाबेसीमा करिब १७ दशमलव तीन किलोमिटर सुरुङबाट विद्युत् गृहमा लगिनेछ ।

गाउँपालिका र खाँदबारी नगरपालिकामा मुख्य संरचना रहनेछ । आयोजनाका प्रभावित स्थानीयलाई हालसम्म रु ९९ करोड ९८ लाख ३९ हजार मुआब्जा वितरण भइसकेको छ । आयोजना प्रभावित क्षेत्रका करिब २५३ परिवारलाई उक्त रकम वितरण गरिएको हो । सो क्षेत्रमा रु पाँच लाखदेखि रु ३४ लाखसम्म जग्गाको मूल्यांकन गरिएको छ ।

तल्लो अरुण आयोजना निर्माणस्थलमा पर्ने ६५६ जनाले मुआब्जा पाउनेछन् । आयोजनाले रु एक अर्ब ४० करोड मुआब्जा वितरण गर्नेछ । आयोजनाबाट २६८ घरपरिवार प्रत्यक्ष रूपमा प्रभावित हुनेछन् ।

भारतीय कम्पनी सतलज विद्युत् निगमले अरुण तेस्रो जलविद्युत आयोजना निर्माण गरिरहेको छ । निर्माणाधीन ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि जम्मा भएको पानी खाँदबारी नगरपालिका-२ चेवाबेसीमा करिब १७ दशमलव तीन किलोमिटर सुरुङबाट विद्युत् गृहमा लगिनेछ ।

आयोजनाको लागत रु ९२ अर्ब ६७ करोड रहने अनुमान गरिएको छ । लगानी बोर्ड र भारतीय कम्पनीबीच भएको आयोजना विकास सम्झौता (पिडीए)अनुसार निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) ढाँचामा आयोजना निर्माण हुनेछ ।

व्यापारिक रूपमा विद्युत् उत्पादन गरेको २५ वर्षपछि चालु हालतमा निःशुल्क सरकारले पाउनेछ । आयोजनाको निर्माण अवधि पाँच वर्ष रहनेछ ।

विसं २०८० जेठ १८ गते लगानी बोर्ड नेपाल र एसजेभीएन तल्लो अरुण पावर डेभलपमेन्ट कम्पनीबीच परियोजना विकास सम्झौता (पिडिए) मा हस्ताक्षर भएको थियो । आयोजनाबाट कुल उत्पादित विद्युत्को २१ प्रतिशत नेपालले निःशुल्क प्राप्त गर्नेछ । आयोजना निर्माणले संखुवासभासहित कोशी प्रदेशको ऊर्जा विकास, पूर्वाधार विस्तार र आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

जनकपुरधाम–अयोध्या रेल सञ्चालनले अर्थतन्त्रमा नयाँ सम्भावना

■ राजु विश्वकर्मा/अजयकुमार साह

जनकपुरधाम– भगवान् रामको जन्मस्थल मानिने भारतको अयोध्या र माता सीताको जन्मस्थल नेपालको जनकपुरधामलाई रेलमार्गबाट जोड्ने भएपछि जनकपुरधामसहित मिथिलाञ्चल क्षेत्रमा उत्साह छाएको छ । नेपाल र भारतका दुई धार्मिक नगरीबीच सिधा रेल सेवा सञ्चालन हुने भएपछि धार्मिक पर्यटन प्रवर्द्धन, सांस्कृतिक सम्बन्ध विस्तार तथा स्थानीय अर्थतन्त्रको विकासमा नयाँ सम्भावना सिर्जना हुने अपेक्षा गरिएको छ ।

नेपालका प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा आज (सोमबार) नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उक्त रेल सेवाको शुभारम्भ गर्ने कार्यक्रम तय भएको उत्तर रेल्वे, लखनउ मण्डल रेल प्रबन्धक कार्यालयद्वारा जारी निमन्त्रणामा जनाइएको छ ।

भारतको प्रेस इन्फर्मेसन ब्युरो (पिआईबी), दिल्लीले जारी गरेको सूचनाअनुसार भारतीय रेल्वेले जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबीच साप्ताहिक रूपमा नयाँ रेल सेवा सञ्चालन गर्न औपचारिक स्वीकृति प्रदान गरेको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए ।

उनका अनुसार करिब ६०४ किलोमिटर दूरी तय गर्ने उक्त रेल सेवाले विहार र उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ । उनले रेल सेवा सातामा एकपटक सञ्चालन हुने बताए ।

कम्पनीका प्रबन्ध सञ्चालक पराजुलीका अनुसार निर्धारित समयतालिका अनुसार रेल नम्बर १५५९५ प्रत्येक शनिबार दिउँसो १:१० बजे जनकपुरधामबाट प्रस्थान गरी आइतबार बिहान ८:१० बजे अयोध्या क्यान्ट पुग्नेछ । त्यसैगरी रेल नम्बर १५५९६ प्रत्येक सोमबार साँझ ५:५० बजे अयोध्या क्यान्टबाट प्रस्थान गरी मंगलबार दिउँसो १२:४० बजे जनकपुरधाम आइपुग्नेछ । रेलका जयनगर, मधुवनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाममा व्यावसायिक बिसौनी रहनेछन् । ती स्थानबाट यात्रु चढ्न तथा ओर्लन सक्ने व्यवस्था गरिएको छ ।

उत्तर रेल्वे, लखनउ मण्डल रेल प्रबन्धक कार्यालयद्वारा जारी निमन्त्रणाअनुसार अयोध्या रेल्वे स्टेसनमा विशेष कार्यक्रम आयोजना गरी नयाँ वन्दे भारत एक्सप्रेस रेललाई हरियो झण्डा देखाएर सेवा शुभारम्भ गरिनेछ । निमन्त्रणाअनुसार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले भिडियो कन्फरेन्समार्फत सहभागिता जनाउने कार्यक्रम रहेको कम्पनीका प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिए ।

> करिब ६०४ किलोमिटर दूरी तय गर्ने उक्त रेल सेवाले विहार र उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ ।

होटल तथा पर्यटन व्यवसायी संघ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमले जनकपुरधाम र अयोध्याबीच रेल सम्पर्क स्थापना हुनु नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने महत्वपूर्ण कदम भएको बताए । रामनगरीका रूपमा परिचित अयोध्यालाई माता सीतासँग सम्बन्धित जनकपुरधामसँग जोड्दा रामायण सर्किटको प्रवर्द्धनमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

उक्त रेल सेवाबाट दुवै देशका तीर्थयात्री, पर्यटक तथा व्यवसायी लाभान्वित हुने विश्वास व्यक्त गर्दै उहाँले धार्मिक पर्यटनसँगै व्यावसायिक गतिविधि विस्तार हुने अपेक्षा गरे ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले रेल सेवा सञ्चालनले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताए । उनका अनुसार जनकपुरधामका होटल, रेस्टुराँ, यातायात, हस्तकला, धार्मिक सामग्रीको व्यापार, रोजगारीका अवसर सिर्जना तथा पर्यटन व्यवसायमा नयाँ अवसर सिर्जना हुनेछन् ।

अयोध्यामा राममन्दिर निर्माणपछि धार्मिक पर्यटकको आकर्षण बढिरहेको सन्दर्भमा जनकपुरधामलाई रेलमार्गबाट जोड्नसके भारतीय तीर्थयात्रीका लागि नेपाल भ्रमणको महत्वपूर्ण गन्तव्य बन्न सक्ने उनले बताए ।

'जनकपुरधाम आउने नेपाली तथा भारतीय भक्तजनले अयोध्यासम्मको धार्मिक यात्रा सहज रूपमा गर्न पाउनेछन् । यसबाट जनकपुरधाममा पर्यटकको बसाइँ अवधि लम्बाउन र आर्थि गतिविधि थप चलायमान बनाउन सकिन्छ', अध्यक्ष भण्डारीले भने ।

उनले त्यसका लागि जानकी मन्दिरबाहेक रामायणसँग सम्बन्धित अन्य धार्मिक तथा सांस्कृतिक स्थलको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारमा जोड दिनुपर्ने बताए । स्तरीय होटल, यातायात सेवा र पर्यटकमैत्री पूर्वाधार विकास गर्नसके रेल सेवाबाट प्राप्त हुने अवसरलाई स्थानीय अर्थतन्त्रसँग जोड्न सकिने उनको भनाइ छ ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका युवा व्यवसायी जीवछ महाशेठले रेल सेवा सञ्चालन भएपछि अयोध्यास्थित राममन्दिरलगायत धार्मिकस्थलको भ्रमण गर्न सहज हुने बताए । 'यहाँका अधिकांश मानिसले अयोध्या भ्रमण गर्ने अवसर पाउनेछन् । अहिलेसम्म धेरैले अयोध्याको नाम सुने पनि त्यहाँ पुग्न सकेका छैनन् । सिधा रेल सेवा सुरु भएपछि आवतजावत सहज हुनेछ', उनले भने ।

क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादवले अयोध्या जाने सिधा रेल सेवा सञ्चालन हुने जानकारीले आफूहरू उत्साहित भएको बताए । यसअघि अयोध्या पुग्न विभिन्न यातायातका साधन प्रयोग गर्नुपर्ने र लामो समय खर्चिनुपर्ने अवस्था रहेकामा रेल सेवा सञ्चालनपछि यात्रा सहज हुने उनको भनाइ छ ।

होटल तथा पर्यटन व्यवसायी संघ धनुषाका अध्यक्ष रूपेश सिंहले जनकपुरधाम र अयोध्याबीच सञ्चालन हुने विशेष रेल सेवाले दुवै देशका पर्यटकको आवागमन सहज बनाउने विश्वास व्यक्त गरे । विशेषगरी भारतका विभिन्न प्रान्तबाट अयोध्या आउने पर्यटकलाई जनकपुरधाम भ्रमण गर्न सहज हुने उनले बताए ।

जनकपुरधाम र अयोध्याबीच प्राचीनकालदेखि धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्बन्ध रहँदै आएको छ । त्रेतायुगमा भगवान् राम र माता सीताको वैवाहिक सम्बन्धसँग जोडिएका यी दुई धार्मिक नगरीलाई रेलमार्गले जोड्दा धार्मिक आस्थासँगै सांस्कृतिक आदानप्रदानमा वृद्धि हुने अपेक्षा गरिएको छ । रेल सेवा सञ्चालनले मिथिलाको कला, संस्कृति, परम्परा, खानपान तथा स्थानीय उत्पादनको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

धार्मिक यात्राका लागि आउने पर्यटकलाई जानकी मन्दिर र राममन्दिर दर्शनमा मात्र सीमित नराखी मिथिलाको सांस्कृतिक जीवन, ऐतिहासिक स्थल तथा स्थानीय उत्पादनसँग परिचित गराउनसके स्थानीय व्यवसायले थप लाभ लिन सक्ने पर्यटन व्यवसायीको धारणा छ ।

जनकपुरधाममा आयोजना हुने विवाहपञ्चमी, रामनवमी तथा जानकी नवमीलगायत धार्मिक उत्सवलाई अन्तरराष्ट्रिय पर्यटनसँग जोड्नसमेत रेल सेवाले महत्वपूर्ण भूमिका खेल्नसक्ने अपेक्षा गरिएको जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष अम्बुप्रसाद साहले बताए । उनले नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई आर्थिक सहकार्यसँग जोड्ने यो पहलले मधेस प्रदेशको पर्यटन विकास, स्थानीय रोजगारी सिर्जना र व्यापार व्यवसाय विस्तारमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । *रासस*

दूधको मूल्य प्रतिलिटर ८० कायम गर्न धनकुटाका किसानको माग

धनकुटा– धनकुटाका दुग्ध उत्पादक किसानले कच्चा दूधको खरिद मूल्य प्रतिलिटर ८० रूपैयाँ कायम गर्न सरकारसँग माग गरेका छन् ।

जिल्ला दुग्ध उत्पादक सहकारी संघ धनकुटाले दूध उत्पादन लागत बढेको तर किसानले पाउने मूल्य नबढेको भन्दै मूल्य समायोजन गर्न माग गरेको हो । आइतबार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष नारद कटुवालले हाल किसानले प्रतिलिटर ५० देखि ५५ रूपैयाँमा मात्र पाउँदै आएको बताउँदै उक्त मूल्य बढाएर कम्तीमा ८० रूपैयाँ पुऱ्याउनुपर्ने माग गरे ।

उनका अनुसार दाना, चोकरलगायत पशु आहार तथा औषधोपचारको खर्च बढ्दा दूध उत्पादन लागत प्रतिलिटर करिब ६५ रूपैयाँ पुगेको छ । विगत तीन-चार वर्षदेखि दूधको मूल्य वृद्धि नभएको उनले बताए ।

बजारमा उपभोक्ताले दूधको मूल्य बढी तिर्नुपरे पनि किसानले पाउने मूल्य नबढ्दा दुग्ध उत्पादक मारमा परेको संघको भनाइ छ । महालक्ष्मी नगरपालिका-२ की कृषक कृष्णमाया कटुवालले किसानले उत्पादन गरेको दूध प्रतिलिटर ५० देखि ५५ रूपैयाँमा बिक्री गर्नुपरेको तर उपभोक्ताले बजारमा प्रतिलिटर १२० रूपैयाँसम्म तिर्नुपर्ने अवस्था रहेको बताइन् । दूधको मूल्य नबढ्दा पशु आहार, औषधोपचार र अन्य व्यवस्थापन खर्च धान्न कठिन भएको उनले बताए ।

संघका अनुसार धनकुटामा करिब ४० हजार किसान दुग्ध उत्पादनमा आबद्ध छन् । जिल्लामा दैनिक करिब ३० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । त्यसमध्ये दुग्ध विकास संस्थानले दैनिक करिब १० हजार लिटर खरिद गर्दै आएको छ । कामधेनु, जीवन विकासलगायत निजी डेरी तथा अन्य संस्थाले पनि दूध संकलन गर्दै आएका छन् । जिल्लाका २७ दुग्ध उत्पादक सहकारी संस्था तथा दूध संकलन केन्द्रमार्फत किसानले दूध बिक्री गर्दै आएका छन् ।

किसानले दुग्ध विकास संस्थानबाट भदौ १५ गतेदेखि दूधको भुक्तानी नपाएको गुनासो गरेका छन् । पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार धनकुटाका किसानले संस्थानबाट करिब डेढ करोड रूपैयाँ भुक्तानी पाउन बाँकी छ ।

संघले मङ्सिर १५ गतेसम्म दूधको मूल्य वृद्धि नभए मङ्सिर १६ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिएको छ । माग सम्बोधन् नभए गाईवस्तुसहित सडकमा उत्रिएर चक्काजाम गर्ने र उत्पादित दूध बजारमा नपठाइ भण्डारण गर्ने अध्यक्ष कटुवालले बताए । सरकारले पटकपटक दूधको मूल्य वृद्धि गर्ने आश्वासन दिए पनि कार्यान्वयन नगरेको संघको आरोप छ । किसानले उत्पादन लागतका आधारमा दूधको मूल्य निर्धारण गरी दुग्ध उत्पादकलाई राहत दिन सरकारसँग माग गरेका छन् । *रासस*

अन्नलक्ष्मी सहकारीको १९औं साधारण सभा सम्पन्न

काठमाडौं (प्रस)– अन्नलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हाँडीगाउँ काठमाडौंको १९औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । शनिवार धुम्बाराहीमा संस्थाका अध्यक्ष अमर पन्तको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभाले सञ्चालक समितिका तर्फबाट अध्यक्ष पन्तद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरेको छ । त्यसैगरी असार मसान्तसम्मको वासलात, आगामी बजेट, लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारणलगायतका विभिन्न प्रस्तावसमेत सभाले अनुमोदन गरेको छ ।

सभामा प्रस्तुत वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०८३ असार मसान्तसम्म संस्थाको सेयर पुँजी १ करोड ८९ लाख ३३ हजार १०० रूपैयाँ पुगेको छ । संस्थाको बचत तथा निक्षेप ६ करोड ११ लाख ९० हजार ५३८ रूपैयाँ रहेको छ भने ऋण लगानी ६



करोड ६९ लाख ३ हजार ५९४ रूपैयाँ पुगेको छ ।

त्यस्तै, संस्थाको जगेडा कोषमा २१ लाख ७९ हजार २५ रूपैयाँ रहेको छ। सहकारीले उक्त अवधिसम्म ८ करोड ६२ लाख ४५ हजार २२७ रूपैयाँ बराबरको कुल कारोबार गरेको जनाएको छ ।

साधारण सभामा सहकारीकर्मी, अभियन्ता, अर्थशास्त्री, प्राध्यापक, समाजसेवी तथा संस्थासँग आबद्ध सदस्यहरूको उपस्थिति रहेको थियो । विभिन्न विषयमा छलफल तथा प्रस्ताव पारित गर्दै सभा सम्पन्न भएको संस्थाले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ